राष्ट्रपतिबाट राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनमा जोड | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३०६ • २०८० साल चैत्र २२ गते बिहीबार (4 April, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राप्रपाको निर्णयले सत्ता गठबन्धनलाई धक्का

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले प्रदेशमा सत्ता गठबन्धनलाई समर्थन नगर्ने निर्णयले केही प्रदेशमा सत्ता गठबन्धनलाई धक्का लागेको छ ।

सुदूरपश्चिम प्रदेशमा सत्ता गठबन्धनले सरकार बनाउने सम्भावना प्रायः समाप्त भएको छ । प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहीले बिहीबार लिने विश्वासको मत दिन राप्रपा सहमत भएको उच्च स्रोतले जनाएको छ ।

राप्रपाका १ र स्वतन्त्र १ ले सहयोग गरे शाहीले प्रदेश सभामा बहुमत साबित गर्न सक्ने सम्भावना छ । नागरिक उन्मुक्ति पार्टीका ७ सभासद मध्ये ५ जना सरकारमा छन् । बाँकी रहेका २ जनाले भने समर्थन गर्ने सम्भावना कमजोर छ ।

राप्रपाले गण्डकी र लुम्बिनी प्रदेशमा प्रभाव पार्न सक्छ । बागमतीमा पनि राप्रपाको कारण सत्ता परिवर्तन हुन सक्ने सम्भावना विद्यमान छ ।

कांग्रेसको १८ जना सभासद छन् । प्रदेश सभामा कांग्रेस नै सबै भन्दा ठूलो दल रहेको छ । नाउपाले सत्ता गठबन्धनलाई सहयोग नगरे बहुमत पुग्ने सम्भावना छैन ।

### मधेश प्रदेशमा बजेट वितरण

# योजना राखेका व्यक्तिलाई नै उपभोक्ता समिति बनाउन पत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा विकासे योजनाहरुको उपभोक्ता समिति गठन गर्न मन्त्रीहरुबीच अनौपचारिक सहमति भएको छ ।

उच्चस्रोतहरुका अनुसार योजनाको सिफारिस गर्ने व्यक्तिलाई उपभोक्ता समिति गठन गर्न पत्र दिनेमा मन्त्रीहरु सहमत भएका छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवको सरकारी निवासमा बुधवार साँझ मन्त्रीहरुको अनौपचारिक बैठकले योजनामा प्रदेश सभासदहरुलाई प्राथमिकतामा राख्ने तर योजनाको सिफारिस गर्ने व्यक्तिहरुलाई उपभोक्ता समिति गठन गर्न सम्बन्धित कार्यालयबाट पत्र दिनेमा सहमति भएको स्रोतले जनाएको छ ।

बैठकमा सिँचाई, उर्जा तथा खानेपानी मन्त्री सिंहासन सा कलवार बाहेकका सबै मन्त्रीहरुको सहभागिता रहेको स्रोतले जनाएका छन् ।

गठबन्धन फेरिएको अवस्थामा विगतका मन्त्रीहरुले वितरण गरेका योजनाहरुको उपभोक्ता समिति गठन नभए परिवर्तन गरेर अगाडि बढ्नेमा मन्त्रीहरुले जोड दिएको स्रोतहरुले जनाएका छन् । तर केही मन्त्रीहरुले योजना राखेका निवर्तमान मन्त्रीहरुको सम्मान गर्दै कामलाई द्रुतगतिमा अगाडि बढाउनेमा मन्त्रीहरु सहमत भएको बताइएको छ ।

नेकपा एमालेबाट मन्त्री भएका र फुटाइएको मन्त्रालयको जिम्मेवारी पाएकाहरु असन्तुष्ट देखिएका छन् । उनीहरुले अधिकांश योजनाको उपभोक्ता समिति गठन गर्न निवर्तमान मन्त्रीहरुले पत्र बाँडिसकेकाले फेरि पत्र बाँड्दा विवाद देखिएको दुखेसो पोखे । सत्तारुढ दलकै नेताहरु पनि उपभोक्ता समिति गठन गर्ने पत्र नपाउँदा दुखी भएका छन् ।

उपभोक्ता समिति चाँडै बनाएर काम अगाडि नबढाइए समयमा योजना पूरा हुन नसक्ने र भुक्तानीमा समेत झमेला हुने धारणा मन्त्रीहरुले राखेका थिए । कतिपय मन्त्रालयमा कार्यविधिले समस्या सृजना भएको र कतिपय मन्त्रालयको योजना र बजेट अन्य मन्त्रालयमा गएकाले पनि समस्या देखिएको मन्त्रीहरुले बताएका छन् ।

शिक्षा मन्त्री प्रमोद कुमार जयसवालले विद्यालयमा पठाइएको बजेट चलाउन असहज रहेको बताएका छन् । 'कार्यविधि अनुसार विद्यालयमा निर्माण समिति गठन गरी काम सम्पन्न गर्नुपर्नेछ' उनले भने, बजेट पनि विद्यालयकै खातामा पठाउनु पर्ने बाध्यकारी कार्यविधि रहेको छ ।

> मधेश प्रदेश सरकारका मन्त्रीहरुको अनौपचारिक बैठकमा मुख्यमन्त्री यादवले आगामी आर्थिक वर्षदेखि उपभोक्ता समितिबाट बजेट चलाउने बन्द गर्नुपर्ने धारणा राखेको सहभागी एकजना मन्त्रीले बताए । कार्यकर्ता र पार्टीका नेताहरुको सुविधालाई ध्यान नदिए काम गर्नै कठिन हुने केही मन्त्रीहरुले खुलाएका थिए ।

केही मन्त्रीहरुले त्यो कार्यविधिलाई संशोधन गरी सोझै उपभोक्ता समिति मार्फत काम गराउने बनाउन मन्त्री जयसवाललाई सुझाएका छन् । कार्यविधि संशोधनको प्रकृयामा जाँदा समय लाग्ने भएकाले योजनाहरु पूरा हुन नसक्ने आशंका मन्त्रीले व्यक्त गरेका छन् ।

एमाले कोटाबाट उनी हालै शिक्षा मन्त्री बनेका छन् । शिक्षा मन्त्रालयले सभासदहरुको सिफारिसमा विद्यालयमा पर्खाल, भवन निर्माण लगायतका काममा २५/३० लाख रुपैयाँ सम्म राखिएको छ । निर्माण समिति विद्यालयले बनाउने र बजेट पनि विद्यालयकै खातामा जाने प्रावधानले उपभोक्ता समिति मार्फत हुने कामको भुक्तानीमा जटिलता आउने मन्त्री जयसवालको कथन छ ।

सर्वाधिक समस्या भौतिक पूर्वाधार विकास मन्त्रालयमा देखिएको छ । योजनाको उपभोक्ता समिति गठन गर्न पत्र माग्नेहरुको दबाबमा कर्मचारीहरु कार्यालय छाड्न विवश हुन थालेका छन् । सप्तरीको राजविराजमा पूर्वाधार विकास कार्यालयका प्रमुखलाई नै हातपात भएको छ ।

धनुषा र सप्तरी जिल्लामा केही वडा अध्यक्षहरुले सोझै वडा कार्यालयको नाममा पत्र पठाउन सम्बन्धित कार्यालयहरुलाई दबाब दिन थालेका छन् । योजनाको वितरण र उपभोक्ता समिति गठनमा हुने झमेलाले समयमा बजेट खर्च हुन नसक्ने बताइन्छ ।

प्रदेश सरकारले हालसम्म विकासको बजेट चलाउनै सकेको छैन । केही योजनाहरु प्रकृयामा गए पनि अधिकांश योजनाहरु विवादमा अल्झेका छन् । उपभोक्ता समिति गठनका लागि वडामा पनि समस्या हुने गरेको बताइन्छ ।

मधेश प्रदेश सरकारका मन्त्रीहरुको अनौपचारिक बैठकमा मुख्यमन्त्री यादवले आगामी आर्थिक वर्षदेखि उपभोक्ता समितिबाट बजेट चलाउने बन्द गर्नुपर्ने धारणा राखेको सहभागी एकजना मन्त्रीले बताए । कार्यकर्ता र पार्टीका नेताहरुको सुविधालाई ध्यान नदिए काम गर्नै कठिन हुने केही मन्त्रीहरुले खुलाएका थिए ।

बैठकमा अर्थमन्त्री सञ्जय कुमार यादव योजनाहरु कार्यान्वयन गर्न सकारात्मक देखिएको एकजना मन्त्रीले बताए । 'योजना वितरणमा देखिएका समस्याहरुलाई समाधान गर्न अर्थ मन्त्रीज्यू अत्यन्त सकारात्मक देखिनु भयो' मन्त्रीले भने, तर उहाँले कार्यान्वयनमा सहजता गरिदिए धेरै योजनाहरु समयमै पूरा हुने थियो ।

## बजारमा योजना बिक्री :मन्त्री साह

**टुडे समाचारदाता**



जनकपुरधाम । युवा तथा खेलकुद तथा समाजकल्याण मन्त्री सुरिता साहले मधेश प्रदेश सरकारको योजनाहरु बजारमा बिक्री भइरहेको बताएकी छन् ।

महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ को २ बाट निर्वाचित साहले आफ्नो क्षेत्रमा रहेका अधिकांश योजनाहरु बजारमा बिक्री भइरहेको दुखेसो पोखेकी छन् ।

'मैले आफ्नो क्षेत्रमा कुनै योजना राखेकी छुइन' उनले भनिन् , तर मेरो क्षेत्रमा बिभिन्न मन्त्रालयबाट राखिएका योजनाहरु बजारमा बिक्री भइरहेको छ । मन्त्री साहले सामुदायिक भवन, पुस्तकालय, खेल मैदान, खेलकुद सामग्रीहरु उपलब्ध गराइने कार्यहरु मात्र आफ्नो मन्त्रालयबाट हुने बताइन् ।






# लायन्स डिस्ट्रिक्ट ३२५ एस को दोश्रो महाधिवेशन वीरगञ्जमा हुने




**टुडे समाचारदाता**

वीरगञ्ज। लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसको दोश्रो महाधिवेशन वीरगञ्जमा हुने भएको छ।

बुधवार आयोजित पत्रकार सम्मेलनमा यही चैत्र २४ गते वीरगञ्जमा हुने महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसको दोश्रो महाधिवेशनका कन्भेनर लायन प्रकाश बाहेतीले जानकारी दिए। महाधिवेशनको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव र लायन्स क्लब इन्टरनेशनलका पाष्ट इन्टरनेशनल डाइरेक्टर लायन जि.एस. होराद्वारा हुने उनले बताए।

महाधिवेशनमा देशभरबाट ४०० जना प्रतिनिधि सहभागी हुनेछन्। यस महाधिवेशनबाट नेतृत्वसमेत चयन गर्ने जनाइएको छ।

डिष्ट्रिक्ट गभर्नर पदमा हेटौंडाबाट लायन तासी डोल्मा तुम्बाहाम्फे, फस्ट भाइस डिष्ट्रिक्ट गभर्नर पदमा काठमाण्डुबाट लायन बिनय बस्नेत सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर पदका लागि वीरगञ्जबाट लायन रामबिहारी पाण्डे आकाँक्षी रहेको लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसका गभर्नर लायन डि.एन.अग्रवालले बताए।

लायन्स क्लब इन्टरनेशनलका पाष्ट मल्टिपल काउन्सिल चेयरपर्सन लायन डा. रमेश अग्रवाल, डिष्ट्रिक्ट ३२५ एसका क्याबिनेट सेक्रेटरी लायन बासु तिमिल्सिना, क्याबिनेट ट्रेजर लायन रामबिहारी पाण्डे, नेपाल पत्रकार महासंघ पर्साका सभापति अनुप तिवारी, डिष्ट्रिक्ट एक्ज्यूकेटिभ चिफ लायन सन्दिप केडिया, रिजन चेयरपर्सन लायन संजय अग्रवाल, एरिया चिफ लायन उमेश शर्मा, एरिया सेक्रेटरी लायन श्याम गुप्ता, लायन नरोत्तम पाण्डे लगायत अन्य लायन्स सदस्यलगायतकाहरुको सहभागिता रहेको थियो।

# हुलाकी राजमार्गको वीरगञ्ज मातहत एक सय ८१ किलोमिटर सडक तयार

**वीरगञ्ज**। हुलाकी राजमार्ग योजना कार्यालय मातहत पर्ने हुलाकी राजमार्गको समग्रमा एक सय ८१ किलोमिटर सडक कालोपत्र गरिएको छ।

कार्यालय मातहत दुई खण्डमा कूल दुई सय २९ दशमलव सात किलोमिटर सडक पर्छ। चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र अन्य केही ठाउँमा बाहेक अन्यत्र सडक निर्माण कामले गति लिइरहेको कार्यालयले जनाएको छ।

हुलाकी राजमार्ग योजना कार्यालयका योजना प्रमुख दीपककुमार झाले चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाहेक अन्य स्थानमा सडक निर्माणले गति लिएको बताउनुभयो। "निकुञ्ज क्षेत्रमा सडक विस्तारको कार्य अघि बढाउन समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "अन्य स्थानमा भने सडक निर्माणले गति लिइरहेको छ।"

कार्यालय मातहत दुई सय २९ दशमलव सात किलोमिटर सडक पर्दछ। त्यसमा पूर्व-पश्चिम खण्डमा एक सय ५३ किलोमिटर र उत्तर-दक्षिण खण्डमा ७६ दशमलव सात किलोमिटर सडक पर्दछ। कार्यालयका अनुसार हालसम्म दुवै खण्डमा एक सय ८१ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ। पूर्वपश्चिम खण्डमा एक सय नौ किलोमिटर र उत्तर-दक्षिण खण्डमा ७२ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ।

योजना प्रमुख झाले सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनले आयोजनाको म्याद थप गर्नका लागि सहजीकरण गरिदिएकाले हुलाकी राजमार्गअन्तर्गत रहेका रुग्ण ठेक्कालाई अघि बढाउन सहज हुने आङ्कलन गर्नुभएको छ।

"सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनले आयोजनाहरूको म्याद थपको प्रावधान विगतको तुलनामा अहिले केही खुकुलो पारिएको छ, यदि आयोजनाहरूको म्याद थप भएको खण्डमा सडक निर्माणको कामले गति लिने आशा गरेका छौँ", उहाँले भन्नुभयो, "उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पनि वीरगञ्जमा आएको सन्दर्भमा बजेट अभाव नहुने भन्दै प्रतिबद्धता पनि जनाउनुभएकाले पनि पूर्वाधार निर्माणमा सहज वातावरण बन्ने अपेक्षा लिएका छौँ।"

हुलाकी सडक योजना कार्यालय वीरगञ्जका सूचना अधिकारी तथा इन्जिनियर सञ्जय ठाकुरले पूर्व-पश्चिमको एक सय ५३ किलोमिटर सडकमध्ये हालसम्म एक सय नौ किलोमिटर सडक कालोपत्र सम्पन्न भइसकेको बताउनुभयो। "यो खण्डमा पर्ने पर्साको ठोरीदेखि चितवनको माडीसम्म चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने १५ किलोमिटर सडक कालोपत्र गर्न सकेका छैनौँ", उहाँले भन्नुभयो। रासस

# विद्यालय भवन हस्तान्तरण



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको विदेह नगरपालिका–९ इटहर्वास्थित शिवशंकर जनता माध्यमिक विद्यालयको चारकोठे पक्की भवन हस्तान्तरण गरिएको छ।

करिब एक करोड रुपैयाँको लागतमा नवनिर्मित भवन बुधबार एक समारोह बीच उद्घाटन गर्दै हस्तान्तरण गरिएको छ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जुमराती नदाफले बालमैत्री तथा समावेशी विद्यालय भवन, शौचालय, खानेपानीसहितको व्यवस्था पछि विद्यार्थीलाई पठनपाठनमा थप सहज हुने विश्वास व्यक्त गरे।

विद्यालयका प्रधानाध्यापक कृष्णदेव यादवले वि.सं. २०१७ सालदेखि पठनपाठन सुरु भएको विद्यालयमा अहिले एक हजार ८० विद्यार्थी पठनपाठन गरिरहेको छ।

विद्यालयको नवनिर्मित भवन संरचनाले शिक्षक, विद्यार्थी र अभिभावकलाई उत्साहका साथ शिक्षण सिकाइ प्रक्रियामा सहभागी हुन सहज हुने विश्वास व्यक्त गरे। उनले पहिले निर्माण गरिएका भवनभन्दा फरक आकर्षक, अत्याधुनिक र सुविधासम्पन्न संरचना बनेकाले त्यस क्षेत्रका चार सय ५० घरधुरीका सयौँ बालबालिकालाई विद्यालयतर्फ आकर्षित गर्न आफूहरूलाई पनि थप हौसला मिलेको बताए।

त्यसैगरी विदेह नगरपालिका प्रमुख बेचन दासले स्थानीय निकायले थोरै स्रोतसाधनका बावजुद आफ्नो क्षेत्रमा रहेका विद्यालयको भौतिक अवस्था सुधारलगायतको काममा गैरसरकारी संस्था योगदान रहेको बताए।

विद्यालयको जग्गादाता इटहर्वा मठका महन्त शिवनारायण पुरीको अध्यक्षतामा भएको कार्यक्रममा आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिनेश साह, प्लान इन्टरनेशनलका रबीशंकर पण्डितले विद्यालयको आवश्यकता, संस्थाले तोकेका विभिन्न सूचकका आधारमा सो विद्यालयमा भवन निर्माण गरिएको बताए।

सात महिनामा निर्माण सम्पन्न गरिएको चार कोठासहितको दुईतले अत्याधुनिक भवन, अपांगमैत्री संरचना, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खानेपानी र हातधुने धारासहितको संरचना बनाइएको छ।

## गणित विषयका शिक्षकलाई पुनर्ताजगी तालिम दिइने

**टुडे समाचारदाता**

जनकपुरधाम। निजी विद्यालयका शिक्षक तथा शिक्षिकाहरुलाई गणित विषयको तालिम दिइने भएको छ।

यही चैत २४ गते वेदान्त पब्लिकेसन प्रालिको आयोजनामा हुन लागेको पुनर्ताजगी आधारभूत तथा माध्यमिक विद्यालयस्तरीय गणित विषयको शिक्षक तथा शिक्षिकाहरुलाई तालिम दिइने बजार व्यवस्थापक श्रवणकुमार यादवले जानकारी दिए।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाको सहजीकरणमा हुन लागेको एक दिवसीय कार्यक्रममा एक सय भन्दा बढी शिक्षक तथा शिक्षिकाहरु सहभागी हुने उनले बताए। सो कार्यक्रममा वरिष्ठ लेखक तथा प्रशिक्षक हुकुमप्रसाद दाहालले प्रशिक्षण दिने जनाइएको छ।

# रमजानका अवसरमा मस्जिदमा एत्तकाब बस्ने कार्य सुरु

**विराटनगर**। इस्लाम धर्मावलम्बीको महान् पर्व रमजान मुबारक महिनासँगै मस्जिदमा एत्तकाब बस्ने कार्य सुरु भएको छ। रमजान महिना तीन भागमा विभाजित हुन्छ। यसमध्ये पहिलो आसरा 'रहमत', दोस्रो आसरा 'मगफिरत' र २०औँ रोजा व्रतदेखि सुरु हुने तेस्रो आसरा अर्थात् नर्कबाट मुक्ति प्राप्त गर्न प्रत्येक जामे मस्जिदमा एत्तकाब बस्ने प्रचलन।

विराटनगर महानगरपालिका-६ निवासी शहबाजिया माध्यमिक विद्यालयका प्रधानाध्यापक इमाम हैदरका अनुसार यो एत्तकाब मुसलमान समुदायका लागि मात्र नभएर संसारका हरेका मानव जातिका लागि सुख, शान्ति, सद्भाव र समृद्धिका लागि अल्लाहसँग प्रार्थना गर्नु हो भन्नुभयो।

एत्तकाबमा बस्ने मानिसले मौन रही घरपरिवार, इस्टमित्र र व्यापार अन्य क्रियाकलापबाट टाढा रहनुपर्ने धार्मिक मान्यता छ जसलाई मुसलमानहरूले अहिलेसम्म पछ्याइरहेका छन्। विराटनगर बुधहाट जामे मस्जिदमा मोहम्मद एजहारुल, हाजी कमर आलम, अब्दुल कादिर एत्तकाबमा बस्नुभएको छ।

दान दिनु गरिब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो। शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ। कुलतमा लागेका मानिसहरू एक महिना इमान्दारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउन सकिने अनुमान गर्न सकिन्छ। त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुस्लिमहरू रोजा बस्नुलाई गर्व मान्दछ। नबालक, बिरामी, गम्भीर प्रकृतिका रोगी र गर्भवतीलाई रोजा बस्न अनिवार्य छैन। सम्भवतः यस वर्ष मुस्लिमहरूले आगामी चैत २८ गते 'इदुलफित्र' पर्व धुमधामसँग मनाउने तयारीमा जुटेका छन्। रासस

# वडा सदस्यको निधन

राजविराज। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ का वडा सदस्य तथा गाउँपालिकाको न्यायिक समितिका सदस्य राजेन्द्रप्रसाद राय अमातको बुधबार निधन भएको छ।

लामो समयदेखि बिरामी रहेका रायको विराटनगरस्थित विराट शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् जोखिम न्यूनीकरण कार्यक्रम अधिकृत राजेशकुमार झाले राससलाई जानकारी दिनुभयो। वडा सदस्य रायको ७० वर्षको उमेरमा निधन भएकोप्रति गहिरो दुःख प्रकट गर्दै गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्नुभएको छ।

न्यायिक समितिमा रही निजले न्याय सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको भन्दै अध्यक्ष मण्डलले शोक विज्ञप्ति जारी गरी रायको निधनले अपूरणीय क्षति भएको बताउनुभएको छ। गाउँपालिका तथा मातहतका कार्यालय (अति आवश्यक सेवाबाहेक) आज बन्द रहने गाउँपालिकाले विज्ञप्तिमार्फत जनाएको छ।

दिवङ्गत रायको दुई छोरा, दुई छोरी र श्रीमती हुनुहुन्छ। दुवै छोरा विदेशमा रहेको र आएपछि मात्रै सद्गत गरिने वडा नं ५ का वडा अध्यक्ष ललनप्रसाद राउतले बताउनुभयो। रासस

# वीरगञ्ज नगरक्षेत्रका आधादर्जन सडक कालोपत्र गरिँदै

**वीरगञ्ज**। पर्सागढी नगरपालिकाले ग्रामीण सडक पूर्वाधारलाई प्राथमिकता दिएको छ। वर्षौंदेखि जीर्ण, हिलाम्मे र धूलाम्मे नगरक्षेत्रका आधादर्जन सडकलाई चालु आर्थिक वर्षभित्रै कालोपत्र गर्ने योजनाअनुसार काम अघि बढाइएको हो। सोही योजनाअनुसार नगरपालिकाले वडा नं १ स्थित जनता सडकमा कालोपत्र सम्पन्न गरेको छ।



वर्षौंदेखि सडक जीर्ण हुँदा हिलो र धूलोका कारण सास्ती भोग्दै आएका स्थानीय सो सडक पक्की भएसँगै हर्षित भएका छन्। कोइलाभार मन्दिरदेखि कोइलाभार टोलसम्मको सडकखण्डलाई नगरपालिका कार्यालयले नगरस्तरीय भौतिक पूर्वाधार योजना अन्तर्गत रु दुई करोड ४५ लाख ६६ हजारको लागतमा निर्माण गरेको हो। उक्त एक दशमलव ५४ किलोमिटर सडक कालोपत्र गरिएको हो। सडक कालोपत्र भएपछि आवतजावतमा सहज भएको स्थानीयवासीले बताएका छन्।

"पहिला सडक कच्ची थियो, वर्षायाममा हिलाम्मे र सुख्खायाम धुलाम्मे हुन्थ्यो", पर्सागढी नगरपालिका-१ का श्याम महतोले भन्नुभयो, "आवतजावतमा सहज मात्रै होइन्, अब हिलो र धुलोबाटमुक्त भएको अनुभूति भइरहेको छ।" ठूलो धार्मिक महत्व बोकेको कोइलाभार मन्दिरसम्म पुग्न पहिला धेरै गाह्रो हुने र अब टोलबाट मन्दिरसम्म पुग्न सहज भएको उहाँको भनाइ छ।

नगरपालिकाले ग्रामीण भेग र सहरको दुरीलाई कम गर्दै आवतजावतमा सहजता ल्याउने उद्देश्यले सडक कालोपत्र गरेपछि गाउँमा किसानले उत्पादन गरेको समान नजिकैको बजारसम्म पुऱ्याउनसमेत सहज भएको स्थानीय कामेश्वर यादवले बताउनुभयो। लामो समयदेखि सरकारी उपेक्षामा परेको सो सडकलाई नगरपालिकाले प्राथमिकतामा राखेर कालोपत्र गरिएको पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले बताउनुभयो।

नगरपालिकाको सबै सडकलाई धुलो र हिलोमुक्त बनाउने लक्ष्य लिएको नगरप्रमुख पाठकले बताउनुभयो। उहाँले कालोपत्र सडक निर्माण कार्यलाई सहरी र ग्रामीण क्षेत्रमा सन्तुलित रूपमा अघि बढाएको भन्दै यसमा सबैको साथ पाइरहेको उल्लेख गर्नुभयो।

"मेरो पहिलो प्राथमिकता नै स्थानीय सडक पूर्वाधार निर्माण नै हो", नगरप्रमुख पाठकले भन्नुभयो, "कच्ची सडकको मर्मत गर्दा बढी खर्च हुने र समयपनि नोक्सानी हुन्छ, त्यसैले दिगो सडक विकास गर्ने लक्ष्यसहित सडकलाई कालोपत्र गर्न थालेका छौँ।" यसैवर्ष नगरपालिकाको छ वटा स्थानका सडकलाई कालोपत्र गर्न लागेको उहाँको भनाइ छ।

नगरप्रमुख पाठकका अनुसार यसैवर्ष पर्सागढी नगरपालिका-१ को नववा बजारदेखि भटनी टोल जोड्ने सडक, वडा नं २ को बागबन्नदेखि छतवनटाँडी जाने सडकखण्ड, वडा नं ३ को मानव आश्रमदेखि आमोदेवी मन्दिर जाने सडकखण्ड, वडा नं ५ को जमुनीचोकदेखि वडा नं ४ जोड्ने हर्दिया-हरदासपुर सडकखण्ड र वडा नं ८ को वडा कार्यालयदेखि वडा नं ३ को वडा कार्यालय जोड्ने सडकखण्ड कालोपत्र गरिने छ।

"एक पटक सडक कालोपत्र भयो भने वर्षौसम्म त्यो सडकमा बजेट खर्चिनु पर्दैन", नगरप्रमुख पाठकले भन्नुभयो, "जसका कारण एकातिर सडकमा हिलाम्मे र धुलाम्मे पनि भएन् र अर्कोतर्फ बजेट तथा समयको समेत बचत हुन्छ।" त्यो बजेटले अर्को काम पनि खर्च गर्न सकिन्छ, उहाँले भन्नुभयो।

ती अधिकांश सडक कालोपत्र गर्ने गरी सम्झौताको काम भइरहेको र चालु आर्थिक वर्षभित्रै सकिने योजना रहेको उहाँले बताउनुभयो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कार्यालय प्रमुखविहीन हुँदा कर्मचारीलाई समस्या

टुडे समाचारदाता

वीरगन्ज । कृषि ज्ञान केन्द्र पर्साका अधिकृत कुशेश्वर यादवलाई अहिले भ्याइ नभ्याइ छ । कार्यालयमा एक्लै भएकोले फिल्डदेखि कार्यालय सबै ठाउ पुग्नुपर्ने बाध्यता रहेको छ। यस कार्यालयमा जनशक्तिको अभावले ज्ञान केन्द्रको अवस्था दयनीय रहेको छ।

कृषि ज्ञान केन्द्र पर्सामा जनशक्तिको अवस्था पनि साह्रै कमजोर छ । कार्यालयमा १५ जना कर्मचारीको दरबन्दी छ। तर तीनजना कर्मचारीले सबै कम गर्नुपर्ने बाध्यता रहेको यादवको भनाइ छ।



जिल्लाको पूर्वी सिमाना वीरगञ्जमा रहेको सो कार्यालयका कर्मचारीहरुलाई वीरगञ्जदेखि ६५ किलोमिटर पश्चिममा रहेको ठोरी गाउँपालिकासम्मको फिल्डको काम गर्नुपर्ने हुन्छ। कृषि प्रविधि अधिकृतको दरबन्दी भए पनि आफू लगायत दुइ जना अधिकृत रहेको कुशेश्वर यादवले बताए। त्यसमा पनि कृषि प्रसार शाखाका अधिकृत हरिशंकर जयसवाल केही समय देखि उपचारमा रहेकोले कार्यालयको अवस्था झन नाजुक भएको अधिकृत यादवको भनाइ छ।

> प्रदेश सरकारका सबै कार्यालयका दरबन्दीको पूर्ति प्रदेश लोकसेवाबाट हुनुपर्ने बताउँदै सचिव पाण्डेले भने, "कृषि मन्त्रालयले ६० प्रतिशत कर्मचारीले मात्र काम गरिरहेको छ, सबै दरबन्दीको पूर्तिको लागि थप ४० प्रतिशत कर्मचारी बहाल गर्न मन्त्रालयले प्रदेश लोकसेवालाई सिफारिस गरिसकेको छ ।"

देखि किसानलाई कृषियन्त्रको वितरण, दल तथा नेताहरुको सिफारिसमा सडक बाटोसम्म निर्माण लगायत विकास निर्माणका कामहरु बजेटमा रहेको छ।

कार्यालयमा ६ जना

नासु प्राविधिक ३, नासु प्रशासनमा १, लेखापाल १, चालक १ र कार्यालय सहयोगीमा ३ जनाको दरबन्दी रहेको छ। तर अहिले दुइ अधिकृत र कार्यालय सहायक १ जना कर्मचारीको पदपूर्ति मात्र छ। कार्यालय प्रमुख नभएकोले आर्थिक कारोबार ठप्प छ । कार्यालयका सबै कामहरु जसो जतो चलाइ रहेको बताउँदै यादवले भने, 'कार्यालय प्रमुख नभएको कारण दुइ महिना देखि हामी तलब खान पाएका छैनौ ।' साना तहका कर्मचारीलाई झन् कठिनाइ भएको छ । यादवले कार्यालयको सबै अवस्था बारे मन्त्रालयलाई पटक पटक जनाकारी गराइसकेको बताए।

प्रदेश मातहतका सबै कार्यालयहरुको दरबन्दीको अवस्था दयनीय भएको प्रदेश कृषि मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेले बताए।

प्रदेश सरकारका सबै कार्यालयका दरबन्दीको पूर्ति प्रदेश लोकसेवाबाट हुनुपर्ने बताउँदै सचिव पाण्डेले भने, 'कृषिमन्त्रालयले ६०प्रतिशत कर्मचारीले मात्र काम गरिरहेको छ, सबै दरबन्दीको पूर्तिको लागि थप ४० प्रतिशत कर्मचारी बहाल गर्न मन्त्रालयले प्रदेश लोकसेवालाई सिफारिस गरिसकेको छ।'

पर्सा जिल्लामा रहेको कृषिज्ञान केन्द्र कार्यालय प्रमुखविहीन भएको कारण दुइ महिना देखि कर्मचारीहरु तलब समेत खान पाएका छैनन्।

# परीक्षार्थीसहित निरीक्षकलाई कारबाही

टुडे समाचारदाता

जलेश्वर । माध्यमिक शिक्षा परीक्षा (एसईई) मा अनियमितता गर्ने ३० जना परीक्षार्थी, चार निरीक्षक र एक जना परीक्षा सहायकमाथि परीक्षा अनुगमन टोलीले कारबाही गरेको जनाइएको छ। अनुगमन टोलीले परीक्षा केन्द्रबाट ९३ थान मोबाइलसमेत नियन्त्रणमा लिएको छ।

यस वर्ष महोत्तरीका ३२ परीक्षा केन्द्रबाट नौ हजार ४३१ जना एसइईमा सहभागी भएका छन्। परीक्षालाई स्वच्छ र मर्यादित बनाउन प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखको नेतृत्वमा रहेको छुट्टाछुट्टै टोलीले हरेक केन्द्र र परीक्षाकोठामै पुगेर अनुगमन गर्दै आएको छ। यसको अलावा इलाका प्रशासन र स्थानीय सुरक्षा प्रमुखले पनि आफ्ना क्षेत्रका केन्द्रमा अनुगमनलाई निरन्तरता दिएका छन्।





अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल नेतृत्वको अनुगमन टोलीले मटिहानी, पिपरा र रतौली केन्द्रबाट विज्ञान विषयको चिट र गाइडसहित फेला परेका २८ जना परीक्षार्थीको उत्तरपुस्तिका नियन्त्रणमा लिई कारबाही गरेको जनाएको छ। तथापि उनीहरूको परीक्षा भने रद्द नगरिएको प्रजिअ गेलालले बताए।

गेलालले भने, "अमर्यादित कार्य गरेको पाइएपछि उत्तरपुस्तिका मात्र नियन्त्रणमा लिइ विज्ञान विषयको परीक्षाबाट वञ्चित गरिएको हो।" प्रजिअ गेलालकै अनुगमन टोलीले पिपरा केन्द्रबाट एक जना परीक्षा सहायकमाथि पनि कारबाही गरी बाँकी परीक्षामा बस्न नपाउने गरी निष्कासन गरेको छ।

त्यस्तै सहायक प्रजिअ उपेन्द्र न्यौपानेको अनुगमन टोलीले मोबाइलसहित फेला परेका दुई जना विद्यार्थीको परीक्षा रद्द गरेको छ। अनुगमनका क्रममा राम मावि मटिहानी र खखना केन्द्रका दुई जना परीक्षार्थीले मोबाइलबाट प्रश्नपत्र आउट गरेकाले दुवै जनामाथि कारबाही गरिएको न्यौपानेले बताए।

परीक्षामा मोबाइल बोक्न र प्रयोग गर्न निषेध गरिए पनि त्यसको उल्लङ्घन गर्दै दुवै परीक्षार्थीले मोबाइल बोकेको र जाँच गर्दा प्रश्नपत्रको फोटो खिची ह्वाट्सएपबाट आउट गरेको फेला परेपछि कारबाही गरिएको उनले बताए।

त्यस्तै न्यौपानेकै अनुगमन टोलीले सुकदेव मावि सुगा केन्द्र, जलेश्वरस्थित कन्या मावि केन्द्र, खयरमारा र खखना केन्द्रबाट परीक्षामा मर्यादापालन नगराएको पाइए पछि चार जना निरीक्षकलाई निष्कासन गरेको छ।

यस पटकको एसइईमा मोबाइलको दुरुपयोग अप्रत्याशित रूपमा बढेको अनुगमन टोलीले जनाएको छ। परीक्षामा केन्द्राध्यक्षबाहेक अरूलाई मोबाइल बोक्न र प्रयोग गर्न निषेध गरिएको छ।

तर नियमको उल्लङ्घन गर्दै परीक्षा कोठामा लगेका ९३ थान मोबाइल बरामद भएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख प्रतिभा साहले बताइन् । अनुगमनका क्रममा शंकास्पद परीक्षार्थीको तलासी लिँदा ती मोबाइल बरामद भएको छ।

विज्ञान विषयको परीक्षाको अनुगमनका क्रममा प्रजिअ गेलाल नेतृत्वको टोलीले मटिहानी, पिपरा र रतौली केन्द्रबाट २२ थान र एकाइ प्रमुख साह नेतृत्वको टोलीले भ्रमरपुरा, रतौली र महोत्तरी केन्द्रबाट आठ गरी ३० थान मोबाइल नियन्त्रणमा लिएको छ।

# किशोरीको रहस्यमय मृत्यु प्रकरणः थप एक पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका- ७ की १५ वर्षीया दिपा यादवको भारतमा भएको रहस्यमय मृत्यु प्रकरणमा अनुसन्धानका लागि प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा विष्णुपुर गाउँपालिका ४ बस्ने ३० वर्षीय कृष्ण कुमार यादव रहेको सप्तरी प्रहरीले जनाएको छ। भारतबाट घर फर्केको बेला अघिल्लो दिन उनलाई गाउँबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ढुण्डिराज नेउपानेले जानकारी दिए।



दीपाको गत मंसिर ३० गते भारतको राजधानी नयाँ दिल्लीमा रहस्यमय मृत्यु भएको थियो। उनको मृत शरीर दिल्लीको लाजपतनगरमा एउटा कोठामा भारतीय प्रहरीले बरामद गरेको थियो। सो कोठा भाडामा लिई बस्दै आएका सप्तरीको डाक्नेश्वरी नगरपालिका- ६ का रोशन मण्डललाई सोही दिन पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

पछिल्लो पटक नेपाल प्रहरीले पक्राउ गरेका कृष्ण उनकै साथी हुन्। दीपा बेपत्ता भएकै दिनदेखि लगातार रोशन र कृष्ण फोन सम्पर्कमा रहेको कृष्णले बोकेको मोबाइल कल डिटेलबाट देखिएको बताइएको छ। रोशनका आफन्तले दीपा र रोशनबीच प्रेम सम्बन्ध रहेको र सोही क्रममा दीपा स्वेच्छाले दिल्ली भागी प्रेमविवाह गरेको दाबी गर्दै आएको छ।

दिल्ली बसाईकै क्रममा गत मंसिर ३० गते दुबै बीच सामान्य विवाद हुँदा आवेशमा आएर दीपाले झुण्डिएर आत्महत्या गरेको समेत रोशनका अभिभावकहरुले जिकिर गर्दै आएका छन्। तर, दीपाको अभिभावकले आत्महत्या न भई हत्या नै भएको दाबी गर्दै आएको छ।

राजविराज- ७ स्थित रोजपब्लिक स्कुलबाट गतवर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएकी दीपाको गत जेठ २० गते रोशन र कृष्ण सहित मोटरसाइकलमा चढी आएका ४ जना युवाले अपहरण गरी लगेको मामा चन्द्रशेखरले दाबी गर्दै आएका छन्।

सो घटनामा चारजना विरुद्ध चन्द्रशेखरले जिल्ला प्रहरी कार्यालय सप्तरीमा सुरुमा अपहरण, शरीर बन्धक, जबर जस्ती करणी र मानव वेच विखन कसुरमा जाहेरी दिएका थिए। तर भान्जीको मृत्यु भए पश्चात उनले ती चारै जना विरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउन समेत उजुरी दिएका छन्।

प्रहरीले सो उजुरी दर्ता गर्न आलटाल गरेपछि दीपाका अभिभावहरुले न्याय खोज्दै उच्च अदालत जनकपुर-राजविराजमा रिट दर्ता गराएको थियो। सो रिट उपर सुनवाई गर्दै न्यायाधीश मुनेन्द्र प्रसाद अवस्थी र विमल सुवेदीको संयुक्त इजलासले परमादेश जारी गरेको छ। परमादेश पछि प्रहरीले सक्रियता देखाउँदै आरोपिलाई पक्राउ गर्न थालेको छ। नाबालिकालाई अपहरण गरी हत्या गरिएको भन्दै दीपाका आफन्तले रोशन र कृष्णसंगै डाक्नेश्वरी नगरपालिका- ६ का सूर्य नारायण मण्डल र सकुन्तला देवी मण्डल विरुद्ध पनि प्रहरीमा किटानी जाहेरी दिएका छन्।

# वृद्धाको हत्या

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको बागमती नगरपालिका-४, जिरायतमा एक वृद्धाको हत्या भएको छ। स्थानीय वैजु महतोकी ७० वर्षीया श्रीमती पार्वतीदेवी महतोको हत्या भएको सर्लाही प्रहरीले जनाएको छ।

मंगलबार साँझ करिब ६ बजे आफ्नै घरमा हत्या भएको अवस्थामा पार्वतीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

हत्यामा संलग्न भएको आरोपमा स्थानीय एक युवकलाई पक्राउ गरी थप अनुसन्धान अघि बढाइएको सर्लाहीका प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले जानकारी दिए।

नजिकै रहेको 'सीसीटीभी फूटेज' को अनुसन्धानबाट घटनामा संलग्न भएको आशंकामा २८ वर्षीय ती युवकलाई पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको जनाएको हो।

मृतकको अनुहारमा चोट देखिएको छ। शव नजिकै रगत लागेको काठको टुक्रा समेत प्रहरीले बरामद गरेको छ।

पार्वतीको शव पोष्टमार्टमका लागि मंगलबार राति नै सदरमुकाम मलंगवास्थित प्रादेशिक अस्पतालमा राखिएको छ। वृद्धाको हत्या हुनुको कारण खुल्न सकेको छैन।






## शहीदनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### यदुकूहा, धनुषा

## सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशिन मिति : २०८०/१२/२२ गते**

यस शहीदनगर नगरपालिकामा क्षयरोग मुक्त नेपाल अभियानका लागि देहाय बमोजिम स्वास्थ्य सेवाका जनशक्ति (सेवा करारमा आवश्यक भएको हुदाँ योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिएको छ।

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग संख्या |
|---|---|---|
| २०८०/०८१-०१ स्वास्थ्य क्ष.मु.का. | क्षयरोग मुक्त अभियान कार्यक्र संयोजक | १ (एक) |

**आवश्यक योग्यता तथा अन्य विवरण**

१. **उमेर**: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

२. **दरखास्त बुझाउने अन्तिम मिति** : प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न भएमा सोको भोलिपल्ट।

३. **पारिश्रमिक तथा सुविधा** : नेपाल सरकारको छैठौं तहको अधिकृतले पाए सरह।

४. **करार अवधि** : सुरुमा १ आर्थिक वर्षसम्म कार्यसम्पादनको आधारमा थप हुन सक्ने।

५. **परिक्षा दस्तुर र फारम** : अधिकृत तहको लागि रु.१०००।- (एक हजार मात्र). दरखास्त फाराम यस शहीदनगर नगरपालिकाको वेवसाइट shahidnagarmun.gov.np मार्फत प्राप्त गर्न सकिने छ।

६. **दस्तुर बुझाउने स्थान** : शहीदनगर नगरपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि.जनकपुरमा रहेको शहीदनगर नगरपालिका आन्तरिक राजस्व खाता नं. १२२०१००३०१०१००१० मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ। वा यस कार्यालयको राजस्व शाखा बाट रसीद प्राप्त गरी फारम लिन पाइने छ।

७. **दरखास्त दिने स्थान** : शहीदनगर नगरपालिकाको कार्यालय, यदुकूहा, धनुषा वा shahidnagardhanusha.health@gmail.com मा Email पठाउन सकिनेछ।

८. **आवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरू** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि। क. क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक- जनस्वस्थ्य विषयमा स्नातक उपाधि प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।


९. **परीक्षाको किसिम** : लिखित र अन्तर्वाता (यस कार्यालयको करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन कार्यविधि २०८० ले तोकिए बमोजिम)

१०. **परीक्षा सम्बन्धी जानकारी** : आवेदन फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट सूचना प्रकाशन गरि तोकिने छ र उक्त दिन विदा परेमा सोको भोलिपल्ट।

११. **विविध** : सूचनमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित ऐन्, कानुन तथा कार्यविधि अनुसार हुने छ।

**द्रष्टव्य** :- तोकिएको म्याद भित्र दाखिला नभएका, नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि नभएका, तोकिएको अन्य विवरण नखुलेको दरखास्त फारम स्वीकृत गरिने छैन।

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लोकतान्त्रिक अभ्यास

नेपालमा सत्ता गठबन्धन फेरिएको प्रभाव प्रदेशमा सर्वाधिक परेको छ । गठबन्धनमा एमालेको सहभागितासँगै सबैभन्दा पहिले नेपाली कांग्रेसका तीन प्रदेश प्रमुखलाई हटाइयो । त्यस स्थानमा एमालेको सिफारिसमा प्रदेश प्रमुखहरु नियुक्त भए । अब प्रदेश सरकार फेरिने क्रम सुरु भएको छ । प्रदेश सरकारको नेतृत्व परिवर्तनको क्रममा सबैभन्दा पहिले गण्डकीका मुख्यमन्त्रीले राजीनामा दिएका छन् । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पदबाट राजीनामा दिएका छन् । उनले बुधबार बिहान प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष राजीनामा बुझाएका हुन् । माओवादीका सांसदले समर्थन फिर्ता लिएसँगै पाण्डे गत फागुन २३ देखि अल्पमतमा थिए । केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि अल्पमतमा परेका उनले २२ चैतभित्र विश्वासको मत लिनुपर्ने थियो । नेपाली कांग्रेस गठबन्धनबाट अलग भएपछि माओवादीले दिएको समर्थन फिर्ता लिएको थियो । अल्पमतमा परेका मुख्यमन्त्री पाण्डेले राजीनामा दिएर लोकतान्त्रिक विधिलाई सम्मान गरेका छन् । अन्य प्रदेशहरुमा समेत अल्पमतमा रहेका मुख्यमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गरिदिनु पर्छ । गण्डकी प्रदेशमा मुख्यमन्त्री पाण्डेले राजीनामा दिए पनि बहुमत सत्ता गठबन्धन सित छैन । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले समर्थन नगरे सम्म सत्तागठबन्धनलाई बहुमत पुग्दैन । राप्रपाले प्रदेश सरकारको विषयमा चैत २७ गते सम्म कुनै निर्णय नलिने प्रष्ट गरिसकेको छ । त्यसो भए सरकारको नेतृत्व गर्ने जिम्मेवारी फेरि पाण्डेले नै पाउने छन् । गण्डकी प्रदेशमा सबैभन्दा ठूलो दलको हैसियतमा प्रदेश प्रमुखबाट सरकार गठनको जिम्मेवारी नेपाली कांग्रेसले नै पाउने छन् । लोकतान्त्रिक अभ्यास हुँदा लोकतान्त्रिक गणतन्त्र संस्थागत हुनेछ । अनेक प्रपञ्च गरी सरकार बनाउने काम लोकतन्त्र विरोधी हो । कोशी र सुदूरपश्चिम प्रदेशमा पनि सरकारसित बहुमत छैन । त्यहाँ पनि सरकार बनाउने कसरत भइरहेको छ । कोशीमा एमालेको नेतृत्वमा सरकार गठन हुने निश्चित भइसकेको छ । त्यहाँ सत्ता गठबन्धनसित बहुमत छ । कांग्रेसका मुख्यमन्त्री केदार कार्कीले पनि राजीनामा दिएका छैनन् । सत्तागठबन्धनमा एमालेलाई मुख्यमन्त्री दिने सहमति भइसकेको छ । तर त्यहाँ संवैधानिक जटिलता देखिएको छ । बहुमत बिनाको सरकारले शासन गर्न सक्दैन । लोकतन्त्रमा शासन गर्न बहुमत नै चाहिन्छ । मध्यावधि चुनावमा जाने धम्की भन्दा लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान गर्दै राजीनामा गर्नु नै उपयुक्त हुनेछ । सरकार नै राजनीतिक दलको लक्ष्य भए पनि समय र परिस्थिति अनुसार विपक्षमा रहेर नै काम गर्न सक्नु पर्छ ।

# सत्ताराजनीतिले दुई किनारामा रेशम–रञ्जिता



दीर्घराज उपाध्याय

थरुहट आन्दोलनका क्रममा ७ भदौ, २०७२ मा सात सुरक्षाकर्मी र एक नाबालक सहित आठ जनाको ज्यान जाने गरी भएको टीकापुर हत्याकाण्डपछि पहिचानवादी र पहिचान विरोधीहरू दुई कित्तामा उभिए । पहिचान विरोधीहरू रेशमलाई खलनायक अर्थात् हत्याराका रूपमा हेर्न थाले । पहिचानवादीहरू खासगरी थारू समुदायका लागि त्यही घटनापछि रेशम नायक बने ।

माओवादीले १० वर्षे सशस्त्र संघर्षका क्रममा देखाएको थरुहट स्वायत्त प्रदेशको सपनालाई पछ्याउँदै सुरु भएको थरुहट आन्दोलनका क्रममा बीभत्स टीकापुर घटना हुन गयो । त्यतिबेला माओवादी भने यो मुद्दाबाट पछि हटिसकेको थियो ।

टीकापुर घटनाको मुख्य आरोपी मानिएका रेशम उक्त घटनापछि फरार भए । र, भारतमा लुकेर बसे । त्यही क्रममा २०७४ सालमा भएको प्रतिनिधि सभाको निर्वाचनमा भूमिगत रूपमै उम्मेदवारी दर्ता गरे । र, भारी मतले चुनाव जिते । सधैं चुनावमा नराम्रोसँग पराजय भोग्दै आएका उनी त्यो चुनावबाट थारू समुदायको नायकका रूपमा उदाए ।

चुनाव जितेपछि उनले प्रहरीसमक्ष आत्मसमर्पण गरे । प्रतिनिधि सभाको पाँचवर्षे कार्यकाल सकियो । तर उनी जेलमुक्त भएनन् । त्यही बीचमा पुनरावेदन अदालतको निर्णय सदर गर्दै सर्वोच्च अदालतले उनलाई टीकापुर घटनामा दोषी ठहर गर्‍यो ।

उनले जेलबाटै नागरिक उन्मुक्ति पार्टी स्थापना गरे । र, २०७९ सालमा भएको तीनै तहका निर्वाचनमा उम्मेदवार उठाए । र, पार्टी स्थापना गरेको सय दिन नबित्दै भएको निर्वाचनमा उनले कतिपय निर्वाचन क्षेत्रमा पुराना दलका उम्मेदवारहरूलाई संघ, प्रदेश र स्थानीय तहमा क्लिनस्वीप गरे ।

यो जित उनका लागि जेलबाट रिहा हुने माध्यम बन्यो । सत्ताको समीकरणमा उनको भोट र सहानुभूति आवश्यक बन्यो, र उनीमाथि लागेका सबै आरोप र खतबातहरूलाई सत्ताको समीकरणले माफ गरिदियो । उनी जेलबाट निस्किए ।

उनी जेलभित्र रहँदा उनको मिसनलाई साथ दिंदै आएकी थिइन्, पत्नी रञ्जिता श्रेष्ठ चौधरीले । त्यो मिसनले रञ्जितालाई कैलाली १ बाट प्रतिनिधि सभाको लागि निर्वाचित मात्र गरेन, राष्ट्रिय राजनीतिमा पहिचान दिलायो । त्यो पहिचानले उनी मन्त्री बनिन् ।

रेशमसँग प्रेम हुँदै विवाहमा जोडिएकी रन्जिता लामै समय उनकी पत्नीका रुपमा निश्चित घेरामा परिचित थिइन् । यसरी पत्नीका रूपमा मात्र रहेको उनको परिचय नयाँ परिस्थितिमा फेरिन पुग्यो । उनी सत्ता गठबन्धनको एउटा दलको अध्यक्ष थिइन् । त्यसमाथि निर्वाचित प्रतिनिधि सभा सदस्य र मन्त्री । सत्ता राजनीतिसँगै निर्माण हुन पुगेको उनको यो परिचय पति रेशमबाट दूरी बनाउने एउटा कारण बन्यो ।

रेशम उनलाई पत्नीका रूपमा मात्र हेर्थे । रञ्जितालाई रेशमको पत्नीभन्दा पनि आफू नागरिक उन्मुक्ति पार्टीको अध्यक्ष र मन्त्री हुँ भन्ने अनुभूति पलाइसकेको थियो । रेशम र रञ्जिताबीचको मूल जड नै यही बुझाइ र असमझदारी हो । अहिले जे भइरहेको छ, त्यसको सुरुवातको बिन्दु यही थियो ।

रेडियोकर्मी, गीतकार, गायक, कराँतेका खेलाडी, मोडेल, फिल्मका नायक हुँदै रेशम पनि राष्ट्रिय राजनीतिमा चिनिइसकेका थिए ।

जेलभित्र सबै दलका नेताहरू, प्रधानमन्त्री र राष्ट्रपति पदका उम्मेदवारहरू भेट्ने क्रम बाक्लिएपछि रेशमको खुट्टाले भुईं छोडिसकेको थियो । जेलबाट छुटेपछि उनले सार्वजनिक मञ्च र अन्तर्वार्ताका क्रममा दिएको अभिव्यक्तिबाट त्यो छनक पाउन कठिन हुँदैन ।

बाहिरबाट हेर्दा नागरिक उन्मुक्ति पार्टी रेशमको परिवार दल जस्तो थियो । पत्नी र बुवा प्रतिनिधि सभा, उनी पार्टीको सुप्रिम कमान्डर । तर बाहिर देखिए जस्तो परिवारका सदस्य उनीसँग थिएनन् ।

थारू समुदायका ती अगुवाहरू नागरिक उन्मुक्ति पार्टीभित्र अटाएनन्, जो वर्षौंदेखि थारूहरूको पहिचान, अधिकार र राज्यसत्तामा समावेशिता र समान अधिकारका लागि लड्दै आएका थिए ।





थारू बुद्धिजीवीहरू पनि समेटिएनन्, जो सधैं थारू समुदायको हकहित र अधिकारका लागि विभिन्न सार्वजनिक मञ्च र मिडिया मार्फत वकालत गर्दै आएका थिए । र, ती नेताहरू पनि नागरिक उन्मुक्तिको त्यो छाताभित्र गएनन्, जो टीकापुर घटना हुने दिनसम्म आ-आफ्नो भूगोल र कार्यक्षेत्रबाट थरुहट आन्दोलनलाई उचाइमा पुर्‍याउन अहोरात्र खटिएका थिए ।

थरुहट आन्दोलनमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्ने विभिन्न पार्टीका थारू शुभेच्छुक संस्थाका नेताहरू पनि रेशमले पार्टी खोलेपछि टाढिइसकेका थिए । यद्यपि जुनसुकै पार्टीको सदस्य तथा नेता भए पनि २०७९ मा भएका तीनवटै तहका निर्वाचनमा कैलाली, कञ्चनपुरका थारू समुदायका व्यक्तिहरूले नागरिक उन्मुक्ति पार्टीको चुनाव चिह्न ढकियामा एक भोट हाले ।

नेपालको पश्चिम तराईको कैलालीमा जन्मिएको नागरिक उन्मुक्ति पार्टीले मध्य तराईसम्म पनि सहानुभूतिको भोट बटुल्यो । र, एउटा नयाँ शक्तिका रूपमा उसको उदय भयो ।

त्यही परिणामले रेशम जेलबाट निस्किए । रेशम जेलबाट बाहिर निस्किएपछि संभवतः सबैभन्दा दुःखी हुने व्यक्तिका रूपमा चित्रण गरिंदै आएकी पात्र हुन्, रञ्जिता चौधरी । रेशमले आफूलाई फेरि जेल हाल्ने षडयन्त्र भइरहेको अभिव्यक्ति दिएका छन्, जेल हाल्न खोज्ने व्यक्तिको नाम किटान नगरे पनि त्यो पात्र रञ्जिता हुन् भन्ने कुरा बुझ्न गाह्रो हुँदैन । किनकि रेशम जेल बाहिर निस्किएपछि रञ्जिताले कुनै पनि निर्णय आफ्नो विवेकले गर्न पाइनन् ।

अध्यक्ष भएर पनि अध्यक्षको अधिकार प्रयोग गर्न पाइनन् । रञ्जिता मन्त्री त भइन्, तर मन्त्रालय रेशमले चलाए । निर्णय रेशमले गरे । रेशम जेलभित्र हुँदा रञ्जिताले राजनीतिमा जुन स्पेस पाइन्, त्यो रेशम बाहिर निस्किंदा मिल्दैन भन्नेमा उनी ढुक्क थिइन् ।

रेशम र रञ्जिता पति-पत्नी भए पनि भावनात्मक रूपमा उनीहरू एक हुन नसकेको उनी निकट व्यक्तिहरू बताउँछन् । पटक-पटक नेताहरू पदलोलुप भए त्यसैले पार्टीमा समस्या आयो भनेर रेशमले भनिरहेका छन् । रेशमकै भाषामा रञ्जिता पदलोलुप भइन् । त्यही भएर अहिले रञ्जिता सत्ताका लागि जस्तोसुकै कदम उठाउन तयार देखिन्छिन् ।

रेशम जेलमा भएको बेला नागरिक उन्मुक्ति पार्टी जन्मियो । रेशमले जेलमै पार्टीको विधान लेखे । जेलमै रणनीति बनाए । जेलबाटै प्रचार गरे । चुनावमा रञ्जितालाई उठाए । तर जनताले रेशमकै अनुहार हेरेर रञ्जिता लगायत उम्मेदवारलाई भोट दिए ।

रञ्जिताले मन्त्री बन्ने सम्भावना सहित रेशमसँग कुरा गरे पनि आफू जेलमा रहेको अवस्थामा पत्नी र पार्टीका नेताहरू मन्त्री बन्न नसक्ने अडान राखे । जब रेशम छुट्ने निश्चित भयो, तब मात्र रञ्जिता मन्त्री बनिन् ।

मन्त्री भएपछि रञ्जिताको शक्ति स्वाभाविक रूपमा बढ्यो । रेशमलाई यो चित्त बुझिरहेको थिएन । रञ्जिता स्वच्छन्द ढंगले सत्ता चलाउन चाहन्थिन् ।

उनलाई रेशमको हस्तक्षेप मन परिरहेको थिएन । रेशम भने मन्त्रीले गर्ने हरेक निर्णय सदर हुनुअघि आफूलाई जानकारी हुनुपर्ने जिकिर गर्न थाले । उनीहरूबीच त्यही विषयमा समेत खट्पट् हुन थाल्यो ।

रेशमले जेलबाट छुटेपछि पार्टीको महाधिवेशन बोलाए । महाधिवेशन मार्फत रञ्जिता अध्यक्ष बन्न चाहन्थिन् । तर प्रतिनिधिले रेशमलाई रोजे । त्यसपछि उनी महाधिवेशनस्थलबाट बाहिरिइन् । र, टीकापुरकै एक होटलमा गएर बसिन् ।

रेशमले उनलाई मनाउने कोशिश गरे । सहअध्यक्षमा मनोनीत गर्ने प्रतिबद्धता जनाए । उनी सहअध्यक्ष बस्न तयार भइनन् । र, महाधिवेशन चलिरहँदा उनी काठमाडौं फर्किन् । महाधिवेशनपछि रेशम र रञ्जिताबीच दूरी थप बढ्यो । नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीसँग नयाँ समीकरण बनाएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले विश्वासको मत लिएको भोलिपल्ट निर्वाचन आयोगले नागरिक उन्मुक्ति पार्टीको महाधिवेशनलाई मान्यता दिएन । बरु रञ्जिताकै नेतृत्वमा रहेको पुरानो कमिटीलाई मान्यता दियो । रेशम पदविहीन भए ।

निर्वाचन आयोगले अचानक पत्र हटाएर आफूलाई अध्यक्षको मान्यता नदिनु रेशमले रञ्जिता-दाहाल-ओलीको षड्यन्त्र ठाने । त्यसयता रेशमले सार्वजनिक मञ्चहरूमा भन्दै आएका छन्, सरकारले हाम्रो पार्टी चलायो ।

विगतमा प्रचण्डप्रति नरम रहे पनि आफ्नो नेतृत्वको कमिटीलाई आयोगले मान्यता नदिएपछि क्रूद्ध भएका रेशम त्यही दिनदेखि नयाँ गठबन्धनको विपक्षमा उभिएका हुन् । सरकारले साना पार्टीहरूलाई कमजोर बनाउन षड्यन्त्र गरेको रेशमले त्यसयता आरोप लगाउँदै आएका छन् ।

हुन पनि रञ्जिताको रेशमभन्दा बढी भेटघाट दाहाल र ओलीसँग छ । रञ्जिता जसरी पनि मन्त्री बन्न चाहन्थिन् । अझ यस पटक उनको महत्वाकांक्षा उपप्रधानमन्त्री हुने थियो । उनलाई त्यसको ग्रीन सिंग्नल पनि दाहालबाट प्राप्त भएको थियो । उनको महत्वाकांक्षामा तगारो बनिदिए, रेशम । रेशम र रञ्जिताबीच दूरी बढ्नुको मुख्य कारण यही हो ।

रेशमका बुवा समान, जो सधैं रेशमको पक्षमा उभिए; तिनै दामोदर पण्डित पनि यस पटक भट्किए । त्यसको कारण पण्डितलाई प्रधानमन्त्री दाहालले प्रदेश प्रमुख बनाउन दिएको आश्वासन हो भन्ठान्नेहरू पनि छन् ।

रेशमले पार्टी निर्माणको सुरुवाती चरणमा विभिन्न पार्टीमा खत-बात लागेकाहरूलाई स्थान दिए । आज तिनै मान्छे उनको विपक्षमा छन् । जसलाई थारू मुद्दासँग कुनै सरोकार न हिजो थियो, न आज छ ।

रेशम र मुख्यमन्त्री शाहको गाउँ एउटै हो । उनीहरू छिमेकी हुन् । तर रेशमले सुदूरपश्चिम सरकारलाई समर्थन गरिरहनुको अर्थ मुख्यमन्त्री शाहसँग उनको निकटता वा मोह होइन ।


निर्वाचन आयोग मार्फत प्रचण्ड सरकारले आफूलाई पार्टीको अध्यक्षबाट बेदखल गरेको बदलाभावबाट रेशमको यो निर्णय प्रेरित छ । रञ्जिताले प्रचण्ड सरकारलाई निशर्त समर्थन गरेकी होइनन्, उनलाई दिने पद र सरकारबाट पाएको आश्वासन नै नयाँ गठबन्धनलाई उनले समर्थन गर्ने आधार हो ।

एकातिर थारूका मुद्दा यथावत् छन् अर्कोतिर त्यही मुद्दालाई भजाएर जन्मेको नागरिक उन्मुक्ति पार्टी विघटनको सँघारमा छ । विघटनको कारण कुनै सैद्धान्तिक मुद्दा भने छैन ।

सत्तामा जाने विषय नै विघटनको कारण बन्दैछ । बस्, फरक यत्ति छ कि; कसले चाहेको सरकारलाई समर्थन गर्ने- पति रेशमले चाहेको सरकारलाई कि ? पत्नी रञ्जिताले चाहेको सत्तालाई ! पति-पत्नीको झगडा र सत्ता-स्वार्थमा बन्धक भएको छ, थारू मुद्दा ।

रक्सी भन्दा खराब चिज हो सत्ता त्यसै भनिएको होइन । रक्सीको नसा उत्रिन्छ तर सत्ताको नशा सधैंभरि रहिरहन्छ । नागरिक उन्मुक्ति पार्टीमा पनि भएको त्यही हो । *अनलाइनखबर*

# जनस्वास्थ्य र दिगो विकासको लागि प्रमुख चुनौती क्षयरोग



झबिन्द्र भण्डारी

विश्वमै क्षय रोग जनस्वास्थ्य र दिगो विकासको लागि प्रमुख चुनौती रहँदै आएको छ। यो सरुवा रोग उच्च मृत्युदर भएका १० वटा रोगहरु मध्ये एकको रूपमा रहँदै आएको छ। सन् १९९३ मा विश्व स्वास्थ्य संगठनले क्षयरोगलाई जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा घोषणा गरेपछि. यसको प्रभावकारी योजना र व्यवस्थापनको लागि नयाँ नीति र कार्यक्रमहरूमा जोड दिँदै आएको छ। गरिबी, अशिक्षा, चेतनाको कमी, आन्तरिक बसाइँसराइ र खुला सीमाना आदि कारणहरुले क्षयरोग बाट संक्रमित हुने दर बढ्दो छ।

अध्ययनहरू अनुसार मूलतः गरिब र सीमान्तकृत समूहहरूमा क्षयरोगको जोखिम बढी पाइएको छ। त्यसैले क्षयरोगका व्यापक निर्धारकहरुको मानवशास्त्रीय विश्लेषणगर्दै सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक र भौगोलिक आयामहरू सम्बोधन गर्न सकेमा क्षयरोग नियन्त्रणका प्रयासहरु अझ बढी प्रभावकारी हुन सक्छन्क्ष

विश्वव्यापीकरण सँगै. बदलिँदो सामाजिक परिवेशमा स्वास्थ्य प्रणालीमा देखिएका केही महत्वपूर्ण चुनौतीहरुले गर्दा पनि क्षयरोगको प्रभावकारी नियन्त्रण र रोकथाममा अपेक्षित उपलब्धि हासिल गर्न अझै सकिएको छैन। कोभिड- १९ को महामारी, प्राकृतिक विपद्का साथै राजनीतिक. अस्थिरताले पनि राष्ट्रिय क्षयरोग कार्यक्रमका लक्ष्यहरु हासिल गर्न चुनौतीपूर्ण हुन्छक्ष स्वास्थ्य सेवामा सबैको समतामूलक पहुँच सुनिश्चित नहुनु, दुर्गम क्षेत्रमा.आवश्यक पर्ने दक्ष जनशक्तिको अभाव, सेवाको गुणस्तर तथा वितरणमा रहेका केही कमी कमजोरीहरूले गर्दा स्थानीय तहमा गुणात्मक. क्षयरोग सेवाहरू प्रदान गर्न कठिनाइ देखिएको छ।

नेपाल सरकारले क्षयरोग कार्यक्रमलाई उच्च प्राथमितामा राखेको छ। एकीकृत स्वास्थ्य प्रणालीमार्फत. संघदेखि प्रदेश र समुदायसम्म कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। आवश्यक. प्राविधिक सहयोगका लागि विश्व स्वास्थ्य संगठन, ग्लोबल फण्ड, डेमियन फाउण्डेसन लगायत. साझेदार संस्थाहरूको सहयोगले राष्ट्रिय क्षयरोग कार्यक्रमको लक्ष्य हासिल गर्नको लागि महत्वपूर्ण भूमिका रहँदै आएको छ।

क्षयरोगको अन्त्यका लागि लैंगिक असमानता, लाञ्छना भेदभाव र अन्य सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र भौगोलिक अवरोधहरुलाई हटाउँदै गुणात्मक सेवाको पहुँचमा सुधार ल्याउने प्रयासहरूलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छक्ष मूलतः सीमान्तकृत समुदायहरुको सशक्तीकरण.र क्षयरोग कार्यक्रमहरुमा अर्थपूर्ण संलग्नता बढाउन जरुरी छ।

शहरी जनसंख्यामा भएको वृद्धि तथा गरीबीका कारण खासगरी काठमाडौं उपत्यका र तराईका विभिन्न क्षेत्रहरुमा क्षयरोगको जोखिममा रहेको जनसंख्याको अनुपात बढ्दै गएको छ। अर्कोतर्फ औषधि प्रतिरोधी क्षयरोग, एचआईभी एड्स लगायत मधुमेह तथा. अन्य रोगहरुको सहसंक्रमण, बढ्दो शहरीकरण, खुला सिमाना आदिले क्षयरोगको प्रभावकारी. व्यवस्थापनमा चुनौति थपिएको छ।

नेपालले सन् १९९६ देखि प्रत्यक्ष निगरानीको उपचार विधिबाट क्षयरोगको उपचार सुरु गरेको हो। यस कार्यक्रमलाई क्रमशः विस्तार गर्दै सन् २०१३ मा सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरु लगायत मेडिकल कलेज र निजी स्वास्थ्य संस्थामार्फत कार्यक्रम सञ्चालन भइरहेको छ। क्षयरोग नियन्त्रणका लागि. विश्वस्तरमा भएका दिल्ली घोषणा, मस्को घोषणा, संयुक्त राष्ट्र संघीय उच्च स्तरीय बैठकले दिगो विकास लक्ष्यहरूलाई हासिल गर्दै सन् २०३५ सम्ममा. क्षयरोगको अन्त्य गर्ने लक्ष्य लिएको छ।

विश्व स्वास्थ्य संगठनले. सिफारिस गरेका लक्ष्य रणनीति र सहयोगका साथै. क्षयरोगको भारको अवस्थालाई हेर्दा प्रमाणमा आधारित एवं सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनीतिक दृष्टिबाट महामारीलाई अन्त्य गर्ने निश्चित आधारहरु तयार गर्नु जरुरी छ। क्षयरोग अन्त्य गर्ने रणनीतिलाई सफलतापूर्वक कार्यान्वयन गर्न दिगो स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्दै क्षयरोग निदानमा नयाँ प्रबिधी र औषधीहरुको उच्चतम प्रयोग गर्न जरुरी देखिन्छ। हामीले अनुमान गरेकोभन्दा क्षयरोगको सामाजिक आर्थिक प्रभाव बढी छ। यसका साथै औषधि प्रतिरोधी क्षयरोगका बिरामी बढ्नुले क्षयरोग नियन्त्रण र रोकथाममा थप समस्या देखिन्छ।

राष्ट्रिय क्षयरोग कार्यक्रमले. उल्लेख्यरुपमा सफलता हासिल गरेतापनि अझै क्षयरोगका बिरामीहरु खासगरी पहाडी तराई, काठमाडौं तथा हिमाली क्षेत्रमा बढी देखिन्छ। यो कार्यक्रमले नयाँ.संक्रमण हुने दरलाई रोक्न र गुणस्तरीय बिरामी केन्द्रित क्षयरोगको उपचार.सेवाको व्यवस्थापन सुनिश्चित गर्न अपरिहार्य देखिन्छ । अहिलेको अवस्थामा क्षय रोगबाट हुने मृत्युलाई ९५ प्रतिशत, नयाँ क्षयरोग हुने दरलाई ९० प्रतिशतले कमी ल्याउने हो भने यो रोगका.कारणले हुने आर्थिक भारलाई शून्यमा ल्याउने अनुमान गर्न सकिन्छक्ष

नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरिसकेको छ। संविधानको धारा ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यसैगरी स्वास्थ्य नीति २०७६ र स्वास्थ्य रणनीतिमा क्षयरोग, एचआईभी एड्स लगायतका सरुवा रोगहरुको रोकथाम र नियन्त्रण गर्न प्रभावकारी कार्यक्रमहरु कार्यान्वयन गरिने उल्लेख भएको छ। पन्ध्रौं योजनाले पनि क्षयरोगलाई गम्भीर सरुवा रोगको रूपमा समावेश गर्दै यसको प्रभावकारी व्यवस्थापन गर्न लगानी बढाउनु पर्ने औचित्यलाई प्रस्ट पारेको छ।

आर्थिक वर्ष २०७५/७६ सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणको नतिजा अनुसार वार्षिक रूपमा नयाँ बिरामी ६९ हजार (२४५ प्रति १ लाख जनसंख्यामा ) थपिने गरेको तथ्य सार्वजनिक भएको छ। नेपालमा क्षयरोगको वार्षिक तथ्यांक हेर्दा उत्पादनशील उमेर समूह १५ देखि ४० वर्षका व्यक्तिहरूमा बढी देखिएको छ। यो सरुवा रोग. महिलामा भन्दा पुरुषमा बढी पाइएको छ।

यो चुनौतीलाई सम्बोधन गर्न नेपाल सरकारले. केही प्रभावकारी र नवीनतम क्रियाकलापहरू समावेश गरी राष्ट्रिय रणनीतिक योजना (२०७८/७९ -२०८२/८३) कार्यान्वयनमा ल्याएको छ। भर्खरै मात्र यसको मध्यावधि समीक्षा पनि सकिएको छ, जसले केहि महत्वपूर्ण रणनीतिहरुलाई कार्यान्वनको लागि प्राथमिकतामा राख्न जोड दिएको छ। अहिलेको स्रोत परिचालनको परिदृश्यलाई समिक्षा गर्ने हो भने क्षयरोग कार्यक्रममा दातृ निकायको सहयोग उल्लेख्य देखिन्छक्ष तर कार्यक्रमको निरन्तरता र दिगोपनाको लागि राष्ट्रिय लगानी उल्लेख्य.बढाउनुपर्ने देखिन्छक्ष

अर्को तर्फ क्षयरोग मुक्त अभियानलाई स्थानीय तहमा कार्यान्वयन गर्न क्षमता, अभिवृद्धि र सामाजिक जवाफदेहिता बढाउन पहल गरिएको छ। स्थानीय तहमा गहन रुपमा क्षयरोगको पहिचान, निदान, रोकथाम, उपचार तथा सहयोग सम्बन्धि सेवा सञ्चालन गर्न निर्देशिका तयार भई कार्यान्वयनमा आइसकेको छ।

यो अभियानको मुख्य उद्देश्य. स्थानीय तहहरुलाई क्षयरोग अन्त्य गर्न उत्तरदायी भूमिका बहन गराउँदै स्थानीय सरकारको नेतृत्व, समुदाय र स्वास्थ्य प्रणालीको सुदृढीकरणका लागि आवश्यक स्रोतको परिचालन गर्नु रहेको छ। यो अभियानले समुदायको संलग्नता बढाउँदै सकृय क्षयरोगको खोज पडताल र. सामाजिक सुरक्षा कृयाकलापहरुलाई समावेश गर्न जोड दिएको छ। तर यसको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तहमा प्राविधिक सहयोग, समन्वय, सहभागितामूलक.समीक्षा र आवधिक मूल्यांकनमा जोड दिनुपर्छ.।

यो रणनीतिले स्वास्थ्य प्रणालीलाई थप सुदृढ गर्दै तीनै तहका सरकारहरू सँगको समन्वय, सहकार्य र साझेदारितामा जोड दिएको छ। क्षयरोग स्वास्थ्यको मात्र समस्या नभई सामाजिक र आर्थिक चुनौतीको रुपमा बढी गम्भीर देखिएको छ। यसका लागि बहुक्षेत्रीय सहकार्यको अवधारणालाई अगाडि बढाउँदै अन्तर निकायको समन्वयलाई थप सुधार गर्नुपर्ने देखिन्छक्ष

सबै तहमा क्षयरोगलाई सामाजिक र राजनीतिक मुद्दाकोरूपमा स्थापित गर्दै यसको प्रभावकारी निदान र उपचारमा नयाँ प्रविधि तथा.औषधि सुरुवातका प्रयासहरू अगाडि बढेका छन्क्ष स्थानीय समुदायको संलग्नता बढाउन र क्षयरोगका बिरामीहरुलाई राष्ट्रिय कार्यक्रमको मूलप्रवाहमा ल्याउन सरकारी.प्रयासहरूको साथै साझेदार संस्थाहरु, नागरिक समाज, निजी क्षेत्र र क्षयरोगबाट प्रभावित समुदायहरुको सहयोगी भूमिका महत्वपूर्ण हुन्छक्ष

नेपालले विश्व र क्षेत्रीय स्तरमा. गरेका प्रतिबद्धताहरू पूरा गर्न बहुक्षेत्रीय समन्वय, सहकार्य, सहभागीमूलक अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्न आवश्यक छ। स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच अन्तर्गत आधारभूत स्वास्थ्य सेवा प्याकेजमा क्षयरोग सेवालाई. समावेश गर्दै क्षयरोगका बिरामीहरू र परिवारलाई पर्ने अधिक आर्थिक व्ययभारलाई कम गर्ने प्रयासहरुमा राष्ट्रिय क्षयरोग कार्यक्रम केन्द्रित हुनुपर्छ.क्ष यसका लागि समुदायस्तरमा मनोसामाजिक परामर्शका सेवाहरूका साथै सामाजिक संरक्षणका कार्यक्रमहरू एकीकृतरुपमा विस्तार गर्न आवश्यक छ।

# राष्ट्रपतिबाट राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनमा जोड



**काठमाण्डु** ।राष्ट्रपति रामचन्द्र पौडेलले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण, विकास र समृद्धिको संवैधानिक उद्देश्य प्राप्त गर्न सकिने बताउनुभएको छ।

राष्ट्रपति पौडेलले संविधानबमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका काम र उपलब्धिसहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन बमोजिमको वार्षिक प्रतिवेदन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट आज बुझ्दै यसको कार्यान्वयनको लागि सरकारको तदारुकता आवश्यक रहेको बताउनुभयो।

"उपलब्ध स्रोत साधनको परिचालन गरी राज्यका निर्देशक सिद्धान्तद्वारा निर्देशित भई नीतिहरूको तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा आर्थिक समृद्धि हासिल हुने र यसबाट नागरिक अधिकारको उपभोग गर्नसमेत सहज हुने हुँदा यसतर्फ सदैव सरकारको ध्यान जानेनै छ भन्ने विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले सरकारले संविधानको प्रस्तावनामा उल्लेखित मूलभूत मर्म र भावना एवं राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी संवैधानिक व्यवस्थालाई विशेष ध्यान दिई राज्य सञ्चालनमा लागू गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो । संविधानको मर्म र भावना बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अनुसारका काम कारबाही क्रमिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकार अझ सक्रिय र क्रियाशील रहने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नेपालको संविधानको भाग-४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वसम्बन्धी व्यवस्थाले राज्य व्यवस्था सञ्चालनका लागि मार्गनिर्देशन गर्नुका साथै राज्यको चरित्र, भावी दिशा एवं आर्थिक, सामाजिक रूपान्तरणका लक्ष्यहरूसमेत निर्धारण गरेका छन् । यस्ता निर्देशक सिद्धान्त र नीतिहरूले नागरिकको लोकतान्त्रिक हक अधिकारको सार्थक उपभोग गर्न सक्ने आधारहरू समेत खडा गरेका छन् ।रासस

प्रतिनिधिसभाः

# हेलिकप्टरमा जन्ती जाने संस्कृतिको अन्त्यको माग



**काठमाण्डु** । प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसदहरूले विवाह समारोहको विकृतिदेखि सडक, स्वास्थ्य, शिक्षा, कृषि र किसानका समस्यालगायत जनसरोकारसँग जोडिएका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद मनिष झाले तराई-मधेससहित देशका विभिन्न स्थानमा वैवाहिक समारोह संस्कृतिभन्दा पनि तडकभडक विकृत संस्कृतिका रूपमा गइरहेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले फिल्मी शैलीमा हेलिकप्टरमा जन्ती लैजाने गतिविधिले सामाजिक रूपमा आर्थिक दायित्व बढ्नुका साथै गाउँ बस्तीमा हेलिकप्टरको हावाले घरहरूमा क्षति पुऱ्याउने गरेको बताउनुभयो।

उहाँले विवाहका नाममा हल्दी, मेहन्दीजस्ता गतिविधिले दुलहीको माइतीमा आर्थिक दायित्व बढ्ने गरेको, गाउँबस्तीमा हेलिप्याड पनि नहुने भएकाले उडान सुरक्षामा समेत चुनौती थपिएका यसलाई यसप्रकारका गतिविधिलाई तत्काल रोक्न आग्रह गर्नुभयो।

किसानलाई समयमै दूधको भुक्तानी दिइयोस्

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक महेशकुमार बर्तौलाले किसानहरूले लामो समयदेखि दूधको मूल्य नपाइरहेको भन्दै उनीहरूलाई समयमै भुक्तानी गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँका अनुसार देशभरीका दूध उत्पादक किसानको रु पाँच अर्ब भुक्तानी गर्नुपर्ने र मकवानपुरका किसानलाई मात्रै रु ६० करोडभन्दा बढी भुक्तानी गर्नुपर्ने दायित्व रहेको बताउनुभयो। उहाँले खेतिपातीको सिजन सुरु भइसकेकाले किसानलाई सहज रूपमा मल उपलब्ध गराउन पनि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद माधव सापकोटाले अरनिको राजमार्ग अन्तर्गत जुरे पहिरोदेखि तातोपानी लिपिङसम्मको सडकखण्डको यात्रा कष्टकर रहेको र बर्खामा त झनै कष्टकर हुने भन्दै सडक मर्मत अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। साथै उहाँले सरकारले दूध उत्पादन किसानलाई चाँडो भुक्तानी गर्न माग गर्नुभयो।

सांसद विमला सुवेदीले वीर अस्पतालको उपचार सेवा चुस्त र प्रभावकारी बनाउन माग गर्नुभयो। गरिब र निमुखा जनताको उपचार गर्ने अस्पतालका रूपमा स्थापित वीर अस्पतालमा बिरामीले शय्या नपाएर उपचारमा सास्ती बोहर्नुपरेको, आकस्मिक कोठा गोदाममा बदलिएको तथा जनशक्तिको अभावका कारण सघन र अतिसघन कोठको क्षमता घटाएको पाइएको भन्दै नागरिकको उपचारलाई सहज र सुलभ बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद बुद्धिमान तामाङले काठमाडौँ उपत्यका प्रवेश गर्ने मुख्य सडक खण्ड नागढुङ्गा-नौबीसे सडकखण्ड तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी भइरहेको सडक बिस्तार अव्यवस्थित भएको बताउनुभयो।

उहाँले सो क्षेत्र आसपासका नागरिकको जनजीवन कष्टकर बनिरहेको भन्दै सडक बिस्तार चाँडो सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद भीमप्रसाद आचार्यले हात्तीको आक्रमणबाट मृत्यु भएका इटहरी-२ का रविन खड्का, बहारक्षेत्र-५ का भीमबहादुर बिष्ट, रामधुनी-७ लगायत अन्य जिल्लाका व्यक्तिका परिवारलाई उचित क्षतिपूर्तिको माग गर्नुभयो। उहाँले हात्तीको आक्रमणबाट जोगाउन प्रभावकारी उपाय अपनाउन पनि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मानवीर राईले सोलुखुम्बु जिल्लामा विद्युत् प्रसारण लाइन निर्माणमा ढिलाइ भइरहेको भन्दै सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुभयो । सांसद बिना तामाङले भूमि आयोगको पुनःगठन कहिले हुन्छ भनी प्रश्न गर्दै अव्यवस्थित सुकुम्बासी र मोही किसानले जमिनमाथिको भोकाधिकार गर्न पाउने अधिकारको सुनिश्चित गर्न माग गर्नुभयो।

सांसद मुक्ताकुमारी यादवले परीक्षार्थीले नतिजा कुरिरहेका बेला उत्तर पुस्तिका हराएकाले पुनःपरीक्षा पुनःदिनुपर्ने भन्दै त्रिभुवन विश्वविद्यालयको निर्देशन विद्यार्थीको भविष्यमाथिको खेलबाड हो भन्दै जिम्मेवार अधिकारीलाई कारबाही गर्न माग गर्नुभयो।

सांसद मेटमणि चौधरीले घोराही उपमहानगरपालिकास्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दैनिक सात सयदेखि आठ सय बिरामीको उपचार भइरहेको तर, स्वास्थ्य बीमा बोर्डले गत साउनदेखिको रु १० करोड ५० लाख भुक्तानी नगरेकाले प्रतिष्ठान बन्द हुने अवस्था रहेको भन्दै समस्या समाधानका लागि आग्रह गर्नुभयो । उहाँले प्रतिष्ठानको भौतिक संरचनासम्बन्धी रु चार अर्ब ५० करोडको गुरुयोजना रोकिएको भन्दै उक्त समस्या तत्काल सम्बोधन गर्न पनि माग गर्नुभयो।

सांसद मेनकाकुमारी पोखरेलले किसानले रासायनिक मलको अभावले खेती गर्न नपाइरहेको भन्दै समयमै मल र बिउको व्यवस्था गर्न सरकार समक्ष माग गर्नुभयो।

सांसद मैना कार्कीले जाजरकोट भूकम्पपीडितले अझै पनि राहत र क्षतिपूर्ति नपाएको भन्दै उनीहरूलाई अस्थायी आवास र राहतको प्रवन्ध गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद योगेन्द्र मण्डलले मोरङको रङ्गेली हुलाक सडक अलपत्र अवस्थामा रहेको र स्थानीयले निकै सास्ती बेहोरिरहेको भन्दै उक्त सडक चाँडो निर्माण गर्न माग गर्नुभयो।

सांसद रघुजी पन्तले काठमाडौँको जुद्धोदय स्कुलको जीर्ण भवनको पुनःनिर्माण गर्न, जग्गाको संरक्षण र दुरुपयोग भएको सम्पत्तिको छानबिन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

सांसद रणकुमारी बलम्पाकी मगरले देशमा बढ्दो लैङ्गिक विभेद र सामाजिक हिंसाका घटना बढिरहेको, सामाजिक र साइबर अपराधलगायतका घटनाले देशमा दण्डहीनता मौलाएको भन्दै यसलाई नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रणेन्द्र बरालीले काठमाडौँ विश्वविद्यालयले ग्रीन हाइड्रोजन उत्पादन गरेर वैकल्पिक ऊर्जा उत्पादनमा ठूलो सफलता हासिल गरेको भन्दै उक्त परियोजनालाई आवश्यक लगानी र थप विज्ञको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रञ्जुकुमारी झाले बालबालिकमा अटिजम (बालबालिकामा देखिने फरक किसिमको व्यवहार) को प्रकोप बढेको भन्दै यसको जोखिम नियन्त्रण गर्न सचेतना अभिवृद्धि गर्न माग गर्नुभयो।

सांसद राजेन्द्र बजगाईले सहकारी ठगीमा संलग्नलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो । सांसद रामहरि खतिवडाले गृहमन्त्रालयमा पिएसओको आतङ्क बढिरहेको भन्दै उनीहरूको वृत्तिविकास पारदर्शी हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसदहरू राजु थापा, राजेन्द्रकुमार केसी, रामकुमार राई, रामकृष्ण यादव, रामनाथ अधिकारी, रामशङ्कर यादव, रुक्मणी राना बराईली, रुपा बिक, रुपा सोशी (चौधरी), रेखा यादव, रोसन कार्की, लालप्रसाद साँवा लिम्बु, लिलादेवी बोखिम (लिम्बु) लगायतले जनसरोकारका विषयमा सदनको ध्यानाकर्षण गराउनुभएको थियो। रासस

# श्रमिकको अधिकार संरक्षण र मिटरब्याजी शोषण अन्त्यको पहलकदमी ऐतिहासिक : प्रधानमन्त्री



**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा रहेका तथा स्वदेशमै रहेका श्रमिकको अधिकार संरक्षणका साथै मिटरब्याज लगायतका सामन्ती शोषणको चक्र अन्त्य गर्न सरकारले ऐतिहासिक पहलकदमी लिएको बताउनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेस गर्दै प्रधानमन्त्री दाहालले सुशासनका कैयौँ मानक स्थापित गर्न सरकार सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "नागरिकता, राहदानी, लाइसेन्स, विदेशमा अध्ययनका लागि 'नो अब्जेक्सन लेटर' लगायत सेवाका लागि घण्टौँसम्म लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गरिएको छ।"

राज्यले नागरिकलाई प्रदान गर्दै आएका सेवाप्रवाह थप प्रभावकारी, झन्झटमुक्त र सहज बनाई राज्यबाट प्रवाह हुने सेवामाथि सबैको पहुँच पुऱ्याउन आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री दाहालले स्पष्ट पार्नुभयो।

गत शैक्षिक सत्रदेखि विद्यालयमा भर्नासँगै विद्यार्थीहरूका हातमा पाठ्यपुस्तक पुग्ने अवस्था सुनिश्चित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बाली लगाउने समयमा किसानलाई मल अभाव हुने विगतको अवस्था समेत अन्त्य गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "मल खरिद एवं आपूर्ति व्यवस्थापनमा बजेटको अभाव हुन नदिने गरी चालु आर्थिक वर्षका लागि समेत बजेट सुनिश्चित गरिएको छ।"

संविधानले व्यवस्था गरेका मौलिक हकहरूको कार्यान्वयन तथा सङ्घीयता संस्थागत गर्न आवश्यक पर्ने कानुन तर्जुमाको प्रक्रियालाई तीव्ररूपमा अगाडि बढाइएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले सामाजिक न्याय स्थापना गर्न संविधानले निर्दिष्ट गरेका सिद्धान्त कार्यान्वयनलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो।

"यस अवधिमा सङ्घीय लोकतान्त्रिक शासन प्रणालीलाई थप सबल बनाउन प्रतिनिधिसभा तथा प्रदेशसभाको दोस्रो कार्यकालको निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भएको छ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने राजनीतिक सङ्कल्पअनुसार वित्तीय प्रबन्ध एवं शासकीय अधिकारलाई तीनवटै तहमा न्यायपूर्णरूपमा हस्तान्तरण गर्न सरकार प्रतिबद्ध रहेको छ।"

वित्तीय सङ्घीयता कार्यान्वयनका लागि सरकारले पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरेको बताउँदै प्रधानमन्त्री दाहालले तीनै तहको कार्यविस्तृतीकरण परिमार्जन गरी स्पष्ट बनाउने विषयलाई पनि उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी गराउनुभयो। देशको समग्र विकासमा निर्णायक महत्व राख्ने जलविद्युत् क्षेत्रको विकासमा उल्लेखनीय सुधार भएको बताउँदै प्रधानमन्त्री दाहालले यस अवधिमा विद्युत् उत्पादन र प्रसारण लाइन विस्तारसँगै अन्तरदेशीय विद्युत् व्यापारका लागि बलियो आधार तयार गर्न सरकार सफल भएको स्पष्ट पार्नुभयो।

सरकारले गरेका घनिभूत प्रयासका कारण देशको आर्थिक अवस्था लयमा फर्किएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अधिकांश आर्थिक सूचकाङ्कहरू सकारात्मक बन्दै गएको बताउनुभयो । "देशभित्र लगानी वृद्धि गर्न, उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्न र समृद्धि, सुशासन र सामाजिक न्यायको लक्ष्य पूरा गर्न थप मेहनत गर्नुपर्नेछ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "त्यसका लागि सरकार सचेत र प्रतिबद्ध छ।"

आम नागरिकको विकास र समृद्धिको आकाङ्क्षालाई यथाशीघ्र पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै प्रधानमन्त्री दाहालले सीमित स्रोतसाधनको अधिकतम उपयोग गरेर संविधानले परिलक्षित गरेका नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने स्पष्ट पार्नुभयो।

"जनतामा राजनीतिक परिवर्तनको अनुभूति हुनेगरी राज्यका कामकारबाही सञ्चालन भएमा मात्र संविधानको वास्तविक कार्यान्वयन हुनेमा सरकार दृढ छ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "संविधानको मर्मलाई ध्यानमा राखेर सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई मूल मार्गचित्रका रूपमा लिई अगाडि बढको छ।" रासस

# संसदीय छानबिन समिति गठनको कांग्रेसको माग कायमै

**काठमाण्डु** ।प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सहकारीको रकम ठगीका सम्बन्धमा संसदीय छानबिन समिति गठनको माग कायमै राखेको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने सहकारीको रकम ठगी प्रकरणमा जोडिएको विषयमा संसदीय छानबिन समिति गठन गरिनुपर्ने माग दोहोऱ्याउनुभयो।



संसद्‌बाट कसैलाई दोषी करार गर्न नपाइने र निर्दोष भनेर चोख्याउन पनि नहुने उहाँको तर्क छ । तर उपप्रधानमन्त्री एवम् गृहमन्त्री लामिछानेमाथि छानबिनको विषय प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले उठाइरहेकोमा सत्तापक्षले संसदबाटै निर्दोष भनेर करार गरेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो।

"को दोषी वा को निर्दोष भनेर रोस्टम वा फ्लोरबाट छुट्याउने विधि र पद्धति हाम्रो होइन। संसदीय छानबिन समिति बनाएर गृहमन्त्रीलाई निर्दोष साबित हुन पाउने हक उपभोग गर्न दिइनुपर्छ", शर्माले भन्नुभयो।

संसदीय छानबिन समिति किन चाहियो भन्ने प्रश्न उठिरहेकोमा यसमा मुख्य तीन कारणले समिति चाहिएको उहाँको भनाइ छ।

"स्वार्थको टकराव (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) देखिएका कारण, सहकारी ठगीसम्बन्धमा चलिरहेको छानबिन रोकिएका कारण र यो विषयमा सडकमा नभई संसदीय छानबिन समितिमा बहस चलाइनुपर्ने र जवाफ दिइनुपर्छ भन्ने तीनवटा कारणले समिति चाहिएको हो", महामन्त्री शर्माले भन्नुभयो।

संसद्‌का आगामी बैठकमा नेपाली कांग्रेसले यो विषयलाई थप गम्भीरताका साथ उठाउने पनि शर्माले बताउनुभयो।

"संसदको अर्को बैठकमा आउँदा सरकारले छानबिन समिति गठन गर्ने प्रस्तावसहित आओस्। कतिपयले कांग्रेसले सत्ताको चाल चल्नका लागि यो विषय उठाएको र अब यसलाई महत्वका साथ उठाउँदैन भन्ने गरेको सुनिन्छ, तर हामी संसदीय छानबिन समिति गठन गरिनुपर्ने माग भन्दा दाँया-बाँया उभिनेवाला छैनौँ", शर्माले भन्नुभयो।

> संसद्‌बाट कसैलाई दोषी करार गर्न नपाइने र निर्दोष भनेर चोख्याउन पनि नहुने उहाँको तर्क छ । तर उपप्रधानमन्त्री एवम् गृहमन्त्री लामिछानेमाथि छानबिनको विषय प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले उठाइरहेकोमा सत्तापक्षले संसदबाटै निर्दोष भनेर करार गरेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो ।

छानबिन समिति गठनका लागि सरकारलाई दिएको अल्टिमेटम सकिएको बताउँनुहुँदै महामन्त्री शर्माले संसदको अबको बैठकमा छानबिन समिति गठन नभए विरोधका कार्यक्रम चर्काउने सङ्केत गर्नुभयो।

कांग्रेसले विरोध गरेर संसद चलिरहेको छैन भनेर नागरिकस्तरमा गलत बुझाइ रहेको पनि उहाँको भनाइ छ । "चैत १८ गते अन्तर र्राष्ट्रिय सौर्य गठबन्धनसम्बन्धी सम्झौतामा छलफल भयो । चैत १९ गते विद्युतीय व्यापार विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश भयो र हिजो चैत २० गते बिम्स्टेक वडापत्रलाई अनुमोदन गरेको छ।

यसैले स्वदेश र विदेशमा रहेका सबै नेपालीलाई संसद चलिरहेको जानकारी गराउन चाहान्छु", उहाँले भन्नुभयो, "सरकार विधेयक लिएर आउँछ भने संसद चल्छ।

तर सरकारले बलजफ्ती गर्न खोज्छ भने संसद चल्दैन।"

संसद्‌लाई क्यालेन्डर अनुसार चल्ने/चलाउने, सुव्यवस्थित थलो बनाउने र जिम्मेबार बहसको थलो बनाइनुपर्ने उहाँको भनाइ छ। कार्यसूचीभन्दा भन्दा फरक विषय संसद्‌मा आएमा कांग्रेसले विमति राख्ने पनि उहाँको भनाइ छ।

कार्यव्यवस्था तथा परामर्श समितिमा बन्ने सहमतिबेगर रोस्टमबाट आकस्मिक रूपमा संसदमा विषयहरू ल्याइएमा प्रतिपक्षले विरोध जनाउने शर्माले बताउनुभयो।

सभामुख देवराज घिमिरेले प्रधानमन्त्री वा मन्त्रीले संसदमा बोल्नका लागि समय माग गरेमा उपलब्ध गराइने संवैधानिक व्यवस्था रहेको स्पष्ट पार्नुभयो। "प्रधानमन्त्री, मन्त्रीहरू संसदप्रति उत्तरदायी हुने संवैधानिक व्यवस्था हो।


प्रधानमन्त्री र मन्त्रीले संसदमा समय माग गर्दा उपलब्ध गराउने हाम्रो प्रचलन र अभ्यास रहेको जानकारी गराउन चाहान्छ", सभामुख घिमिरेले भन्नुभयो। रासस

# भियतनामले लाओसबाट पाँच हजार मेगावाट विद्युत आयात गर्ने

**सिन्ह्वा**

हनोई । औद्योगिक विकासमा तिब्र प्रगति गरिरहेको भियतनामले लाओसबाट सन् २०३० सम्ममा पाँच हजार मेगावाट विद्युत आयात गर्ने जनाएको छ ।

भियतनामको राष्ट्रिय विद्युत विकास मार्गचित्रमा सन् २०२१-२०३० सम्ममा लाओसबाट विद्युत आयात गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएको छ ।



भियतनामी न्यूज एजेन्सीका अनुसार विद्युतको दर र उपयुक्त वातावरण सिर्जना भए भियतनामले आठ हजार मेगावाटसम्म विद्युत आयात गर्नेछ ।

पछिल्ला वर्षहरुमा भियतनामका मध्य र दक्षिणी क्षेत्रहरुमा विद्युत माग तिब्र रुपमा बढेको छ ।

सन् २०३० सम्ममा भियतनामले हावा, बायोमास समेतका नवीकरणीय विधिबाट २९ हजार मेगावाट विद्युत उत्पादन गर्नेछ । साथै फोहोर प्रशोधनबाट एक हजार उक सय ८२ मेगावाट र सर्वसाधारणका घरहरुमा जडान गरिएका सोलार प्यानलबाट एक हजार ८८ मेगावाट विद्युत उत्पादन पनि हुने गरेको छ ।

# गाजामा सक्रिय सहायताकर्मी मारिनु दुःखदः इजरायली सेना प्रमुख

**एएफपी**



गाजा पट्टी । इजरायली सेना प्रमुख हर्जी हालेभीले गाजामा इजरायली सेनाले गरेको हवाई हमलाबाट सात जना सहायताकर्मी मारिएको घटनाबाट आफू दुःखित भएको बताउनु भएको छ । सहायताकर्मीको मृत्यु भएकाप्रति अन्तर्राष्ट्रिय समुदायले तिब्र आलोचना गरेसँगै सेना प्रमुख हालेभीले इजरायली सेनाबाट “गम्भीर त्रुटी” भएको स्वीकार गर्नु भएको छ ।

इजरायली सेनाले वर्ल्ड सेन्ट्रल किचेन नामको सहायता टोलीमाथि सोमबार रातिको समयमा हवाई हमला गरेको थियो । सेना प्रमुख हालेभीले एक भिडियो सन्देशमा वर्ल्ड किचेनको सहायता टोलीका गतिविधिलाई राम्रोसँग पहिचान गर्न नसक्दा त्रुटिबस सेनाले हमला गरेको बताउनु भएको छ ।

उहाँले वर्ल्ड किचेनका सदस्यमाथि जानाजान आक्रमण नगरिएको पनि दाबी गर्नु भएको छ ।

गत अक्टोबरमा युद्ध प्रारम्भ भएयता अमेरिकी परोपकारी संस्था वर्ल्ड किचेनले पहिलो पटक गाजामा विस्थापित सर्वसाधारणलाई खाद्यान्न समेतका दैनिक उपभोग्य राहत सामग्री वितरण गर्न थालेको थियो । हवाई हमलाबाट वर्ल्ड किचेनको राहत सामग्री राखेको सवारी साधन ध्वस्त भएको थियो ।

वर्ल्ड किचेनले प्रकाशन गरेको विज्ञप्तिमा समुद्री मार्गहुँदै गाजामा ल्याइएको १०० टनभन्दा बढी मानवीय खाद्यान्न सहायता सामुद्रिक जहाजबाट अर्को गाडीमा राख्दै गर्दा आफ्ना कर्मचारीमाथि हमला भएको जनाएको छ ।

यस आक्रमणबाट अस्ट्रेलिया, बेलायत, प्यालेस्टाइन, पोल्यान्ड र अमेरिकी-क्यानाडेली नागरिक हताहत भएका थिए । अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त घटनाको कडा शब्दमा निन्दा एवं भर्त्सना गर्नु भएको छ । उहाँले इजरायलले गाजामा मानवीय सहायताका लागि मद्दत गरिरहेका सहायताकर्मीमाथि हमला गर्नु अत्यन्त निन्दनीय घटना भएको बताउनु भएको छ ।

राष्ट्रपति बाइडेनले उक्त आक्रमणको तत्काल छानबिन गरी घटनाका दोषीमाथि कारबाही गर्न इजरायलसँग माग गर्नु भएको छ ।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले पनि मानवीय सहायताकर्मीमाथि भएको आक्रमण अत्यन्त दुःखद रहेको बताउँदै हालसम्म इजरायली आक्रमणबाट १९६ जना मानवीय सहायताकर्मी मारिइसकेको बताउनु भएको छ । उहाँले गाजामा तत्कालै मानवीय युद्धविराम गर्न इजरायललाई आग्रह गर्नु भएको छ ।

वर्ल्ड किचेनले इजरायली आक्रमणबाट मारिएका व्यक्तिहरुको नाम पनि सार्वजनिक गरेको छ । मारिनेहरुमा साइफेडिन इसाम आयाद अबुताह, जोमी फ्रान्कोम, पोल डामियन सोबोल, ज्याकोब फ्लिकिन्गर, जोन च्यापम्यान, जेम्स हेन्डरसन र जेम्स कर्बी रहेका छन् ।

डब्लुसीकेका प्रमुख कार्यकारी एरिन गोरले एक विज्ञप्ति जारी गर्दै दिनभरको कामबाट थकित हाम्रा सहायताकर्मीमाथि इजरायलले हवाई हमला गरेर अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन गरेको बताउनु भएको छ । उहाँले इजरायली सेनासँग समन्वय गरिए पनि इजरायली आक्रमण आफूहरुमाथि लक्षित रहेको जनाउनु भएको छ ।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले डब्लुसीकेमाथि भएको हमला जानाजान नभएको दाबी गर्नु भएको छ । प्रधानमन्त्री नेतान्याहुले उक्त घटनाप्रति क्षमा समेत नमागेको बताइएको छ । यद्यपी उहाँले घटनाको अनुसन्धान गरिने बताउनु भएको छ ।

अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजले पनि इजरायली प्रधानमन्त्रीलाई टेलिफोन गरी उक्त घटनाप्रति रोश प्रकट गर्नु भएको छ । बेलायतले इजरायली राजदूतलाई डाकेर उक्त घटनाको पूर्ण जिम्मेवारी लिन माग गरेको छ ।

पोल्यान्डले भने उक्त घटनामा मारिएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन इजरायलसमक्ष आग्रह गरेको छ ।

उक्त घटनामा मारिएका सहायताकर्मीको शव दक्षिण गाजा सीमाबाट बुधबार आ-आफ्ना मुलुकतर्फ लैजाने प्रबन्ध मिलाइएको छ ।

यसैबीच, इजरायलले गाजामा जारी राखेको सैनिक कार्यबाहीका क्रममा बुधबार राति कम्तीमा ६० जना प्यालेस्टिनीको मृत्यु भएको गाजास्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# नेपाल एसएमएस फ्रेन्डशिप कपको




**काठमाण्डु** । लगातार तेस्रो जित दर्ता गर्दै नेपाल एसएमएस फ्रेन्डसिप कपको फाइनल प्रवेश गरेको छ । तेस्रो खेलमा गुजरात माथि ८ रनको जित दर्ता गर्दै नेपाल फाइनल प्रवेश गरेको हो ।

नेपालले दिएको १८२ रनको लक्ष्य पछ्याएको गुजरातले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १७३ रन मात्र बनाउन सक्यो ।

अन्तिम ओभरमा २२ रन चाहिएकोमा प्रतिश जिसीले सुरुवातमा वाइड गरे । त्यसपछि लगातार दुई बलमा हर्ष देसाईले दुई चौका प्रहार गरे । तेस्रो बलमा उनले एक रन मात्र प्रहार गर्न सके । त्यसपछिको तीन बलमा मात्र तीन रन आएपछि नेपालले जित दर्ता गर्न सफल रह्यो ।

गुजरातका लागि कप्तान उमङ्ग रोहितकुमारले २४ बलमा सर्वाधिक ४७ रन बनाए । हर्ष देसाईले १६ बलमा २९ रन प्रहार गरे । अभिषेक देसाईले २० तथा प्रियेश पटेलले १७ रन जोडे ।

नेपालका लागि सोमपाल कामी, गुलशन झा र कुशल मल्लले समान २-२ विकेट लिए । विवेक यादवले १ विकेट लिए ।

त्यसअघि टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ७ विकेट १८१ गुमाउँदै रन बनायो ।नेपालका लागि ओपनर आशिफ शेखले सर्वाधिक ८५ रन बनाए । उनले ५१ बल खेल्दै १० चौका र ५ छक्का प्रहार गर्दै १८औं ओभरमा पेभेलियन फर्किएका थिए ।

नेपालको सुरुवात नै उत्कृष्ट रहेको थियो । पहिलो विकेटका लागि कुशल भुर्तेल र आशिफ शेख मिलेर १२५ रनको साझेदारी गरे । सो साझेदारी कुशल ४४ बलमा ९ चौका र २ छक्का सहित ६७ रन बनाएर १४औं ओभरमा आउट भएपछि टुटेको थियो ।

तेस्रो नम्बरमा ब्याटिङ गर्न आएका कप्तान रोहित कुमार पौडेल ७ बल खेल्दै ३ रन बनाएर १६औं ओभरमा आउट भए । त्यसपछि आएका सन्दिप जोरा र कुशल मल्ल क्रमसः २ र १ रनमा आउट भए ।

अन्तिम ओभरमा थप दुई विकेट खस्यो । गुलशन झा ४ र अनिल कुमार शाह बिना कुनै रन ध्रुशान्त सोनीको शिकार बने । विवेक कुमार यादव ७ र प्रतिश जिसी ४ रनमा नटआउट रहे । गुजरातका लागि जयमित पटेलले ३ तथा ध्रुशान्त सोनी र आर्य देसाईले समान २-२ विकेट लिए ।

नेपालको ३ खेलमा ६ अंक भएको छ ।

गुजरातको ३ खेलमा २ अंक छ भने बरोडा अंकविहिन छ ।

नेपालले पहिलो खेलमा गुजरातलाई नै ८ विकेटले हराएको थियो । नेपाली बलरले उत्कृष्ट प्रदर्शन गर्दा गुजरात ९८ रनमा अल आउट भएको थियो ।

उक्त खेलमा गुलसन झाले चार, करण केसीले ३ तथा सोमपाल कामीले १ विकेट लिएका थिए । जवाफी ब्याटिङमा कप्तान रोहित ३३ र अनिल साह ३२ रनमा नटआउट रहे ।दोस्रो खेलमा गुजरातले बरोडालाई ५ विकेटले पराजित गरेको थियो ।

बरोडाले १ सय ४२ रन जोड्ने क्रममा परीक्षित पाटिडारको सर्वाधिक ३७ र अभिमन्यु राजपुतले ३२ रनको साथ पाएको थियो । गुजरातले १८ ओभरमा लक्ष्य पूरा गरेको थियो ।तेस्रो खेलमा हिजो नेपाल २७ रनले विजयी भएको थियो ।

नेपालले दिएको १५७ रनको लक्ष्य पछ्याएको बरोडाले निर्धारित २० ओभरमा सवै विकेट गुमाएर १२९ रन मात्र जोड्यो । एक अवस्थामा २२-५ रहेकोमा बरोडाले इनिङ सम्हालेर सम्मानजनक स्कोर सम्म आफूलाई पुर्याएको थियो ।

नेपाल एसीसी मेन्स प्रिमियर कप र टी२० विश्वकपको तयारीका लागि भारत भ्रमणमा गएको हो ।

# भारतमा १३ जना माओवादीको मृत्यु

**एएफपी**

नयाँदिल्ली । मध्य भारतमा भएको झडपमा कम्तीमा १३ जना माओवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बुधबार जनाएको छ ।

छत्तीसगढ राज्यको बिजापुर जिल्लाको दुर्गम जङ्गलमा मङ्गलबार सुरक्षा बलसँग गोली हानाहान भएको थियो ।

स्थानीय प्रहरी प्रमुख पी सुन्दरराजले अधिकारीहरूले राइफल, मेसिन गन र गोलाबारुद ठूलो परिणममा जफत गरेको बताउनु भएको छ । मृतकहरुको पहिचान हुन बाँकी रहेको बताउँदै सुन्दरराजले मृतकमध्ये तीन जना महिला रहेको बताउनु भएको छ ।

प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस वर्ष भारतमा ५० जना भन्दा बढी माओवादी मारिएका छन् जसमध्ये सबैभन्दा बढी ४६ जना छत्तीसगढमा र अन्य चार महाराष्ट्र राज्यमा मारिएका छन् ।

मध्य, दक्षिणी र पूर्वी राज्यहरूमा फैलिएको विद्रोही बहुल “रेड करिडोर“ मा माओवादी विद्रोहीहरूसँग लड्न भारतले दशौं हजार सुरक्षाकर्मी तैनाथ गरेको छ ।

नक्सलवादी भनेर चिनिने र ग्रामीण गरिबहरूका लागि लडिरहेका विद्रोहीहरूले सन् १९६७ देखि छापामार आक्रमण गरिरहेका छन् ।

भारत सरकारले दुर्गम क्षेत्रहरूमा पूर्वाधार विकासमा लाखौं डलर खर्च गरेको छ । सन् २०१० मा ९६ जिल्लामा फैलिएको माओवादी प्रभाव सन् २०२३ मा ४५ जिल्लामा सीमित भएको छ ।

सरकारी तथ्याङ्क अनुसार गत दशकमा मारिएका विद्रोहीहरूको वार्षिक सङ्ख्या दुई तिहाइभन्दा बढीले घटेको छ । भारतमा आगामी अप्रिल १९ देखि लोकसभाका लागि छ हप्ता लामो आमनिर्वाचन हुँदैछ ।

# भारतमा बस पल्टिँदा विद्यार्थीसहित चारको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको उत्तर प्रदेश राज्यमा मङ्गलबार स्कुल बस दुर्घटना हुँदा बसमा सवार तीन जना विद्यार्थी सहित चार जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार उत्तर प्रदेशको राजधानी लखनउ नजिकैको बाराबंकी क्षेत्रमा उक्त बस सडकमै पल्टिएको थियो ।

बसभित्र करिब ४० जना स्कुलका विद्यार्थी तथा ६ जना शिक्षक रहेको वरिष्ठ प्रहरी जगत रामले बताउनुभएको छ ।

# ताइवानमा शक्तिशाली भूकम्पपछि सुनामीको चेतावनी

**सिन्ह्वा**

टोकियो । ताइवानको पूर्वी तटीय क्षेत्रमा बुधबार ७ दशमलव ४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ ।

भूकम्पका कारण ताइवानसँगै चीन, जापान, फिलिपिन्समा सुनामी आउन सक्ने प्रारम्भिक चेतावनी जापानको मौसम पूर्वानुमानसम्बन्धी निकायले जारी गरेको छ ।

ताइवानको ख्वालिएन शहरदेखि करिब १८ किलोमिटर टाढा केन्द्रबिन्दु बनाई भूकम्प गएको अमेरिकी भौगर्भिक अध्ययन निकाय (यूएसजीएस) ले जनाएको छ ।

ताइवानी अधिकारीहरूका अनुसार यो भूकम्प ताइवानमा २५ वर्षयताकै सबैभन्दा शक्तिशाली रहेको बताएका छन् ।

चीनको दक्षिण-पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसुस गरिएको छ ।

बुधबारको भूकम्पपछि अहिलेसम्म ४ म्याग्निच्युड अथवा सोभन्दा ठूला नौवटा परकम्प गइसकेका अधिकारीहरूले बताएका छन् ।

# राहुल गान्धीद्वारा वायनाडबाट उम्मेदवारी दर्ता

**एएफपी**

नयाँदिल्ली । भारतमा आगामी लोकसभाका लागि हुन लागेको आमनिर्वाचनका लागि विपक्षी नेता राहुल गान्धीले केरलाको वायनाडबाट उम्मेदवारी दर्ता गराउनु भएको छ ।

उम्मेदवारी दर्ताका क्रममा गान्धीका हजारौं समर्थक उहाँकै साथमा निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए ।



गान्धी परिवारको लामो विरासत बोकेका ५३ वर्षीय राहुल गान्धीको काँग्रेस आई पार्टी पछिल्ला दुई आमनिर्वाचनमा नराम्रोसँग पराजित भएको थियो ।

यसपटकको चुनावमा पनि भारतीय जनता पार्टीका तर्फबाट चुनावी मैदानमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीसामु काँग्रेस आई कमजोर रहेको सर्वेक्षणहरुले देखाएका छन् । मोदी विरोधी मोर्चाको नेतृत्व गरिरहेका राहुल गान्धीलाई यसपटक पनि बहुमत ल्याउनु फलामको च्यूरा चपाएसरह रहेको छ ।

तैपनि दक्षिणी राज्य केरलाको वायनाडमा उहाँको समर्थनमा धेरै मानिस उपस्थित भएका छन् ।

बहिनी प्रियङ्का गान्धी सहित वायनाड पुगेका राहुल गान्धीले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूले आमजनतालाई आफ्नै परिवारसरह मान्ने गरेको बताउनु भएको थियो ।

वायनाडमा यो उहाँको दोस्रो उम्मेदवारी हो । उहाँ सन् २०१९ मा यही क्षेत्रबाट लोकसभा सांसदमा निर्वाचित हुनु भएको थियो । तर केही समयअघि उहाँले प्रधानमन्त्री मोदी लक्षित गलत टिप्पणी गरेको आरोपमा अदालतको आदेशबाटै सांसद पद गुमाउनु परेको थियो ।

भारतमा आगामी अप्रिल १९ बाट छ हप्ता लामो शृंखलाबद्ध चुनाव हुँदैछ जसमा झण्डै एक अर्बले मतदान गर्नेछन् ।

# इन्कोग्निटो पनि असुरक्षित ? नागरिकको गोपनीयता कायम राख्ने गुगलको प्रतिबद्धता

**एएनआई**

वासिङ्टन डिसी । लोकप्रिय अनलाइन सर्च इन्जिन गुगलले व्यक्तिको गोपनीयता कायम गर्ने सम्बन्धमा ‘इन्कोग्निटो’ (इन्कोग्निटो भनेको व्यक्तिले गरेको गतिविधि डेटा उपकरणमा सुरक्षित गरिएको वा साइन इन नगरेको खातामा राखिएको छैन भन्नु हो) मोडबाट इन्टरनेट ब्राउजिङ गर्दा डाटा सङ्ग्रह गरिएको छ भन्ने चासोबीच त्यसलाई सुरक्षित गर्न आफूहरु तत्पर रहेको जानकारी दिएको छ ।

‘ब्राउन-गुगल’ को मुद्दामा सोमबार भएको सम्झौतामा ‘इन्कोग्निटो मोड’ मार्फत् सङ्कलन गरिएका वेब ब्राउजिङ डाटाका अरबौं रेकर्डलाई नष्ट गर्ने प्रावधानहरू समावेश गरिएको ‘द भर्ज’ ( द भर्ज भनेको पत्रकारहरूको टोली हो जसले भविष्यमा कसरी प्रविधिले जीवन परिवर्तन गर्नेछ भनेर जाँच गर्दछ ।) को प्रतिवेदनले उल्लेख गरेको छ । साथै भर्जले इन्कोग्निटो मार्फत् गैरकानूनी रूपमा गुगलका प्रयोगकर्ताहरुका गतिविधिहरू अनलाइन ट्र्याक गरिरहेको आरोप सन् २०२० मा लगाएको थियो । गुगलका प्रवक्ता जोजे कास्टानेडाले ब्राउनका तर्फबाट पाँच अर्ब अमेरिकी डलरको बिगो माग गरिए पनि न्यायाधीशको फैसलाबाट ब्राउनले कुनै क्षतिपूर्ति भने नपाउने बताउनु भएको छ । कास्टानेडाले अगाडि भन्नुभयो, गुगलको इन्कोग्निटो मोडमा डाटा सङ्कलन गर्ने अभ्यासहरूका सम्बन्धमा थप पारदर्शिता ल्याउने र भविष्यमा डाटा सङ्कलन गर्ने प्रयासहरूमा यसले सीमा लगाउने छ ।

क्यालिफोर्निया सङ्घीय न्यायाधीशले यो मुद्दालाई अनुमोदन गरेमा यसबाट करिब १३ करोड ६० लाख गुगल प्रयोगकर्ताहरूलाई असर गर्न सक्छ ।

अदालतमा गुगलले बुझाएको प्रतिवेदनमा गुगलमा सङ्ग्रह भएको व्यक्तिका डेटालाई हटाउन वा नचिनिने बनाउन करिब ५ अर्ब डलर खर्च हुने अनुमान गरिएको छ ।

भर्जका अनुसार यो सम्झौताले वास्तविक जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने र इन्टरनेटमा रहेको गोपनीयताको अधिकारलाई सुधार गर्ने र कायम राख्ने दिशामा महत्वपूर्ण कदमको रूपमा रहेको छ ।

# अनुभवी ब्याटर नचल्दा नेपाल ‘ए’ को हार




**काठमाण्डु** । आयरल्यान्ड वल्भ्सले एकदिवसीय सिरिजको पहिलो खेलमा नेपाल ‘ए’ लाई २१ रनले पराजित गरेको छ ।

वल्भ्सले प्रस्तुत गरेको १ सय ५८ रनको लक्ष्य पछ्याउने क्रममा नेपाल २६ औं ओभरमा मात्र १ सय ३६ रनमा अलआउट भयो । नेपालको मध्यक्रमका ब्याटरले बिर्सनलायक प्रदर्शन गर्दा नेपाल ‘ए’ हारको सामना गर्न पुगेको हो ।

नेपालले छैटौं ओभरमा ओपनर देव खनाललाई २६ रनमा गुमाउँदा स्कोर ३५-१ को स्थितिमा थियो । उनले २२ बलमा ४ चौकासहित २६ रन जोडे । तर त्यसपछि लगातार विकेट पतन हुँदा नेपाल ‘ए’ ५६-६ को दयनीय स्थितिमा पुग्यो ।

अर्जुन कुमाल ९ रन जोड्दा भीम सार्की गोल्डेन डक आउट भए । आरिफ शेख शून्य, अर्जुन साउद ४ र विनोद भण्डारी ९ रनमा आउट भए । कमल सिंह ऐरी ६ रन जोड्दै आउट हुँदा नेपाल ७८-७ को स्थितिमा पुग्यो ।

बसिर अहमद २१ बलमा २० रन जोडेर पेभेलियन फर्किए । साहब आलमले त्यसपछि रन गति बढाएपनि उनी २५ औं ओभरमा क्याच आउट भए । ३४ बलमा ४ चौका र १ छक्का प्रहार गरेका उनी ३७ रन जोड्दै बाउन्ड्रीनजिक आउट भए । अर्को ओभरमा श्याम र रिजनबीच समन्वय नहुँदा रनआउटसँगै नेपाल अलआउट भयो ।

त्यसअघि टस जितेर पहिलो ब्याटिङ रोजेको वल्भ्स ३९ औं ओभरमा मात्र १ सय ५७ रन जोडेर अलआउट भयो । कमलले अन्तिम ३ विकेट ह्याट्रिकसहित कुल ४ विकेट लिएर आयरल्यान्डको तल्लोक्रम धराशायी पारे । वल्भ्सका केड कार्माइकलले सर्वाधिक ५१ रन जोडे ।

वल्भ्सले छैटौं ओभरमा जेम्स मकलमलाई १२ रनमा गुमायो । रिजन ढकालले उनलाई विकेटकिपरको हातबाट क्याच आउट गराए । नवौं ओभरमा डोहेनी पनि १२ रनमै साहब आलमको एल्बीडब्लु धरापमा परे ।

पिटर मुर २१ रनमा श्याम ढकालको बलमा बोल्ड हुँदा वल्भ्स ६१-३ को स्थितिमा पुग्यो । कप्तान निल रक र कार्माइकलले चौथो विकेटका लागि ६५ रनको साझेदारी गरे । रक ३२ बलमा ३९ रन जोड्दै कमलको बलमा एलबीडब्लु आउट भए ।

त्यसपछि वल्भ्सले लगातार विकेट गुमाउन पुग्यो । डेलनी ६ रन जोड्दै श्यामको एलबीडब्लु शिकार बने । फिओन ह्यान्ड पहिलो बलमै रन जोड्ने धुनमा रनआउट भए । कार्माइकल ३७ औं ओभरमा साहबको बलमा क्याच आउट भए ।

त्यसपछि कमलले ३९ औं ओभरको सुरुवाती ३ बलमा विकेट लिए । लियाम मकार्थी क्याच आउट भएपछि कमलले म्याथ्यु हम्फ्रिज र बेन ह्वाइटलाई लगातार बलमा बोल्ड गरे ।



**गहुँ काट्दै महिला** : सिन्धुलीको दुधौली नगरपालिका-३ निपानेमा गहुँ काट्दै महिला कृषक। अहिले किसानलाई गहुा काट्ने चटारो छ। तस्बिर : रासस

# नेपालको मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहने विश्व बैंकको प्रक्षेपण

**काठमाण्डु** । विश्व बैंकले सन् २०२४ मा नेपालको उपभोक्ता मुद्रास्फीति अधिकतम छ दशमलव सात प्रतिशतसम्म रहने प्रक्षेपण गरेको छ।

विश्व बैंकले सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार आगामी वर्ष अर्थात् सन् २०२५ मा भने मुद्रास्फीति छ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। चालु आर्थिक वर्षको बजेटबाट सरकारले केही वस्तुको मूल्यअभिवृद्धि कर (भ्याट) मा छुट दिएकोमा त्यसले पनि मुद्रास्फीति बढाएको उल्लेख छ।

विश्व बैंकले औसत मुद्रास्फीति गतवर्ष आठ प्रतिशतबाट यसवर्ष छ दशमलव सात प्रतिशत हाराहारी रहने प्रक्षेपण गरेको छ। यस वर्ष खाद्य तथा पेय पदार्थको मुद्रास्फीति भने बढेको छ। चामल निर्यातमा भारतले लगाएको प्रतिबन्ध र मरमसलामा देखिएको मूल्यवृद्धिको असर समग्र समग्र मुद्रास्फीतिमा देखिएको छ।

प्रतिवेदनमा नेपालको सेवा क्षेत्रमा सुधार देखिएका कारण आर्थिक वृद्धिदर गत वर्षको सुरुआती छ महिनाको तुलनामा यसवर्षको सोही अवधिमा बढेको छ।

पर्यटक आगमनमा भएको वृद्धिले होटल तथा आवास क्षेत्रमा उल्लेख्य सुधार देखिएको तथा बीमा क्षेत्रका गतिविधि बढेको प्रतिवेदनमा उल्लेख छ। अर्थतन्त्र सुधार देखिनुमा औद्योगिक क्षेत्र, जलविद्युत् उत्पादन र कृषि क्षेत्रमा धानको उत्पादन बढ्नुलाई मुख्य कारण मानिएको छ। अहिले थोक तथा खुद्रा व्यापारमा भने सङ्कुचन देखिएको प्रतिवेदनमा उल्लेख छ।

गतवर्ष अर्थात् सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा यसवर्ष तीन दशमलव तीन प्रतिशत र आगामी वर्ष अर्थात् सन् २०२५ मा औसत पाँच प्रतिशत हाराहारी रहने प्रक्षेपण विश्व बैंकको छ।

यसअघि विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' मार्फत् वर्ष २०२३/२४ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत र वर्ष २०२४/२५ मा पाँच प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको थियो। तर अहिले उक्त अनुमान घटाएको छ।

उपभोग बढ्दा वस्तु तथा सेवाको आन्तरिक माग बढेको र यसलाई विप्रेषण आप्रवाहले धानेको देखिएको छ। यद्यपि, विप्रेषणमा देखिएको वृद्धिको अनुपातमा माग भने बढ्न नसकेको प्रतिवेदनमा





उल्लेख छ। त्यस्तै, निजी क्षेत्रको लगानी र राजस्व सङ्कलन घटेको देखिएको छ।

विदेशी मुद्राको सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेर भुक्तानी सन्तुलन कायम भएको र बाह्य क्षेत्र सहज हुनुका पछाडि रेमिट्यान्स बढ्नु र व्यापार घाटा कम हुनुलाई मुख्य कारण मानिएको छ।

सन् २०२३ को अर्धवार्षिक अवधिमा चालु खाता घाटा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को शून्य दशमलव सात प्रतिशतले घाटामा रहेकोमा सन् २०२४ को सोहि अवधिमा भने दुई दशमलव सात प्रतिशतले नाफामा रहेको देखिएको छ। चालु खाता नाफामा जानुका पछाडि पनि विप्रेषण बढ्नु र व्यापार घाटा घट्नुलाई मुख्य कारणका रूपमा लिइएको छ।

चालु वर्षको अर्धवार्षिक अवधिमा रेमिट्यान्स आप्रवाह जिडिपीको तुलनामा १० दशमलव नौ प्रतिशतबाट बढेर १२ दशमलव तीन प्रतिशत पुगेको र व्यापार घाटा जिडिपीको १३ दशमलव दुई प्रतिशतबाट घटेर ११ दशमलव छ प्रतिशत रहेको विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ।

वस्तु आयात घटेपनि न्यून करका कारण विद्युतीय सवारी साधनको आयात भने निकै बढेको छ। सेवा आयात कोभिड महामारी पूर्वको अवस्था भन्दा बढेको छ। जबकि, नेपालको निर्यात भने थोरै मात्र बढेको छ भने महामारी पूर्वको अवस्थामा अझै पुगिसकेको छैन।

विभिन्न चुनौतीका बाबजुद पनि बैंकिङ क्षेत्र स्थिर र नाफाको अवस्थामा देखिएको छ। खराब कर्जा बढेको छ। औसत पूँजी पर्याप्तता अनुपात नियामक नेपाल राष्ट्र बैंकले तोकेको भन्दा बढी रहेको छ भने तरलता बढेको छ।

ऋण 'प्रोभिजनिङ' तथा पुनःसंरचनामार्फत् बैंकहरूको नाफा थप घट्न नदिन प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ।

पूँजीगत खर्च बढाउने र भन्सार राजस्वमा आधारित निर्भरतालाई घटाउँदै लगेर आर्थिक वृद्धि हासिल गर्न सकिने विश्व बैंकले औंल्याएको छ। निजी क्षेत्रको आत्मबल तथा लगानी बढाउन मौद्रिक नीति सहज र सुदृढ हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ।रासस

# अरुण तेस्रो आयोजनामा देखिएका समस्या समाधानका लागि निर्देशन

**काठमाण्डु** । अर्थमन्त्री एवम् लगानी बोर्डका उपाध्यक्ष वर्षमान पुनले अरुण-३ जलविद्युत् आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधानका लागि सहजीकरण गर्न र आयोजनाको काम तीव्रताका साथ अगाडि बढाउन निर्देशन दिनुभएको छ।

लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार मङ्गलबार बसेको अनुगमन तथा सहजीकरण समितिको ११औँ बैठकपछि अर्थमन्त्री पुनले यस्तो निर्देशन दिनुभएको हो।

अरुण तेस्रो जलविद्युत् परियोजनाको विकासकर्ता कम्पनी एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी लिमिटेडबाट माग भएको मूल्य समायोजनअनुसारको रकम सटही एवं स्थानान्तरण, परियोजनाको ड्याम साइट पहुँचमार्गका रूपमा प्रयोग भैरहेको कोशी राजमार्गको खाँदबारी-दोभान सडकखण्ड स्तरोन्नतिसम्बन्धी विषय र छ् याङ्कुटीदेखि दिदिङसम्मको परियोजनाको पावर हाउस प्रवेशमार्गको मुआब्जाको समस्या समाधानका लागि पहल थाल्न अर्थमन्त्री पुनले निर्देशन दिनुभयो।

साथै होङ्सी शिवम् सिमेन्टको पहुँच सडक स्तरोन्नतिसम्बन्धमा आवश्यक प्रक्रिया थाल्न तथा सम्बन्धित निकायबाट बजेट प्रस्ताव गरी व्यवस्थापन गर्न अर्थमन्त्री पुनले निर्देशन दिनुभएको छ।

अनुगमन तथा सहजीकरण समितिको बैठकले मूल्य समायोजनको विषयमा अध्ययन गर्न अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक अध्ययन समिति गठन गर्ने निर्णय गरेको पनि प्रवक्ता उपाध्यायले जानकारी दिनुभयो। साथै अरुण-३ आयोजनाको खाँदबारी दोभान सडकखण्डको स्तरोन्नति द्रुत गतिमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय समितिले गरेको छ।रासस

# सुनको मूल्यमा नयाँ रेकर्ड

**काठमाण्डु** । नेपाली बजारमा सुनको मूल्यले नयाँ रेकर्ड कायम गरेको छ। लगातार उकालो लाग्दै आएको सुनको मूल्यमा बुधवारको बढोत्तरीपछि नयाँ रेकर्ड कायम भएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार मङ्गलबार प्रतितोला रु एक लाख ३१ हजार दुई सयमा कारोबार भएको छापावाला सुन बुधबार प्रतितोला एक हजार आठ सयले बढेर रु एक लाख ३३ हजार तय भएको हो।

यस्तै, तेजावी सुन तोलमा मङ्गलबार प्रतितोला रु एक लाख ३० हजार पाँच सयमा कारोबार भएकामा बुधबारका लागि भने रु एक लाख ३२





हजार तीन सय ५० निर्धारण भएको छ।

चाँदीको मूल्य पनि उकालो लागेको छ। मङ्गलबार प्रतितोला रु एक हजार पाँच सय ४५ मा कारोबार भएको चाँदी बुधबारका लागि भने रु ६५ले बढेर रु एक हजार छ सय १० बराबरको मूल्य निर्धारण भएको छ।रासस

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो, साढे दुई अर्बको कारोबार

**काठमाण्डु** । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। बुधबार नेप्से परिसूचक तीन दशमलव ४३ प्रतिशतले घटेर दुई हजार छ दशमलव ७८ को बिन्दुमा कायम भएको हो।

विभिन्न तीन सय २२ कम्पनीका ६४ लाख ८१ हजार आठ सय ३४ कित्ता शेयर ५२ हजार ६५ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ५३ करोड ६२ लाख ३३ हजार नौ सय ८६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।



जीवन बीमा समूह शून्य दशमलव ५०, लघुवित्त एक दशमलव ६५ र म्युचुअल फन्ड समूह शून्य दशमलव ३८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७४ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ६३, वित्त शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव १८, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेका छन्।

बुधबारको कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९७ र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९१ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेको छ।

**सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेको छ ।**

❖

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु २५ करोड ८० लाख ५९ हजार एक सय १६ बराबरको चार लाख ९४ हजार सात सय ४५ कित्ता शेयर किनबेच भएको छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको
## हकदाबि सम्बन्धि ३५ दिने सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.झोझीकटैया वडा नं ८ हाल धनौजी गाँउपालिका वडा नं ३ मा वस्ने नथुनीसाहको नाती बुहारी जिवछ साहको छोरा सोनेलाल साहको पत्नी फेकनी देवी तेलीनले जिल्ला धनुषा धनौजी कटैया गा.वि.स. वडा नं ८ मा बस्ने सुबाको नाती खटरको छोरा असर्फी मंडल केवटको नाममा दर्ता कायम रहेको जि.ध. झौझी कटैया वडा नं ८क कि.न.१३ क्षेत्रफ ०-२-५-० जग्गा र.न. ६२८२ मिति २०३५/०३/२६ को पारित राजिनामा लेखत बमोजिम दाखिला खारेज गरी पाँउ समेत व्यहोरा खुलाई यस कार्यालयमा पेश गरेको दर्ता नं. ९२०५ मिति २०८०/०८/०८ को माँग दावि।

यसमा निवेदकको माग दाबी अनुसारको जग्गा कित्ता दाखिल खारेज गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको हकदावी पुग्ने जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावि उजुरि गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दावि उजूरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्धारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड नं. | कि.नं. | क्षे.फ | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | झोझीकटैया | ८क | १३ | ०-२-५-० | |



**मधेश प्रदेश सरकार**

## श्रम तथा यातायात मन्त्रालय

**जनकपुरधाम, धनुषा (नेपाल)**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रकाशित मिति : २०८०/१२/२१**

श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश सरकारको पूर्ण लागतमा आ.व.२०८०।८१ मा तपशिल अनुसारको शिप तालिममा सहभागी हुन चाहने मधेश प्रदेशमा स्थायी बसोवास भएका योग्य नेपाली नागरीकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| सि.नं. | तालिम | न्यूनतम योग्यता | अवधि | तालिम शुल्क | फारम भर्ने अन्तिम मिति | छनौट प्रकृया |
|---|---|---|---|---|---|---|
| १ | बार बेन्डर | साधारण लेखपढ | ३९० घण्टा (६५ दिन) | निःशुल्क | २०८०/१२/२७ | योग्यता + अन्तरवार्ता |
| २ | जुनियर पलम्बिङ्ग | साधारण लेखपढ | | | | |
| ३ | बिल्डिङ्ग इलेक्ट्रिसियन | साधारण लेखपढ | | | | |
| ४ | ब्रिक लाइङ म्यासन | साधारण लेखपढ | | | | |
| ५ | बिल्डिङ्ग पेन्टर | साधारण लेखपढ | | | | |
| ६ | भेजिटेवल सिड ग्रावर | साधारण लेखपढ | | | | |
| ७ | बेल्डर | साधारण लेखपढ | | | | |
| ८ | मेसन | साधारण लेखपढ | | | | |
| ९ | कार्पेन्टर | साधारण लेखपढ | | | | |
| १० | स्काफोल्डर | साधारण लेखपढ | | | | |
| ११ | लाईभस्टक | साधारण लेखपढ | | | | |
| १२ | प्लान्टेशन | साधारण लेखपढ | | | | |
| १३ | इन्डष्ट्रियल इलेक्ट्रिसियन | ८ कक्षा उतिर्ण | | | | |
| १४ | ग्रामिण पशु स्वास्थ्यकर्ता | ८ कक्षा उतिर्ण | | | | |
| १५ | मत्स्य पालन टेक्निनियन | ८ कक्षा उतिर्ण | | | | |
| १६ | कम्प्युटर हाडवेयर | ८ कक्षा उतिर्ण | | | | |

**नोट**:

१. दरखास्त निवेदनको साथमा २ प्रति हाल सालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सम्बन्धित पालिकको रोजगार शाखामा वा श्रम तथा यातायात मन्त्रालय जनकपुरधाममा बुझाउने/दर्ता गराउनु पर्नेछ।
२. अन्तर्वाता सम्बन्धी सूचना यस मन्त्राल वेबसाईटमा तथा सम्बन्धित पालिकाको रोजगार शाखाबाट लिन सकिनेछ।
३. तालिम अवधिको बास तथा खानाको व्यवस्था सम्बन्धमा पछि निर्णय हुन्छ।
४. थप जानकारीका लागि श्रम तथा यातायात मन्त्रालयको सम्पर्क नं. ९८५४०२८७१४ मा सम्पर्क गर्न सकिनेछ।
५. अनुभवी र दक्षता भएकालाई विशेष प्राथमिकता दिईनेछ। साथै बैदेशिक रोजगारीबाट फर्केका वा बैदेशिक रोजगारीमा जानेलाई प्राथमिकतामा राखिनेछ।
६. निवेदकहरुले आफ्नो सम्पर्क नं. अनिवार्य रुपमा उल्लेख गर्न पर्ने छ।

# गंगासागर र धनुषसागर हेरिटेज खाली गराइने

टुडे समाचारदाता

जनकपुरधाम । ऐतिहासिक एवं धार्मिक पवित्र गंगासागर र धनुषसागरको 'हेरिटेज एरिया' खाली गराइने भएको छ। साना व्यवसायीहरुले थापेको पसललाई अन्यत्र सारेर गंगासागर र धनुषसागर क्षेत्रलाई खाली गराउने तयारी जनकपुरधाम उपमहानगरपालिकाले गरेको छ।

जनकपुरधामउपमहानगरपालिकाले 'हेरिटेज'मा रहेका पसलहरुलाई गोपाल धर्मशालाको दक्षिण तर्फ खाली रहेको जग्गामा व्यवस्थापन गर्न लागिएको छ । उपमहानगरपालिकाको अधिनमा त्यहाँ ७ कठ्ठा जग्गा रहेको छ। त्यस जग्गामा साना व्यवसायीहरुलाई बन्दोबस्त गरिने उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले बताएका छन्।

'सांस्कृतिक धरोहर गंगासागर र धनुषसागर बीचको सम्पदालाई संरक्षित र सुन्दर बनाउन खाली गराउन लागिएको हो' उनले भने, साना व्यवसायीहरुलाई जीविकोपार्जन गर्न व्यवस्थित रुपमा जग्गा उपलब्ध गराइने छ।

गोपाल धर्मशालाको दक्षिण तर्फ रहेको जग्गामा साना व्यवसायीहरुलाई पसल थाप्न नदिन उच्च अदालत जनकपुरधामले जारी गरेको अल्पकालीन अन्तरिम आदेश खारेज भइसकेको छ।

व्यवसायीहरु पनि व्यवस्थित रुपमा जग्गा उपलब्ध गराइदिन मागगर्दै आएका छन् । जीविकोपार्जन गर्न सञ्चालन गरिएको पसललाई उपमहानगरपालिकाले जग्गा उपलब्ध गराएको स्थानमा सञ्चालन गर्ने बताउँदै आएका छन्।

गंगासागर र धनुषसागरको बीचको भागमा वैवाहिक कार्यक्रमहरुमा मटकोर र डिहिवार पूजाको भारी भीड हुने गर्छ ।हरेक साँझ गंगा आरतीमा सहभागी श्रद्धालुहरुलाई आउजाउ गर्न समेत कठिनाइ हुने गरेको छ। सवारी साधनको पार्किंग स्थल नजिकै नहुँदा समस्या भोग्नु परेकोले साना पसलहरुलाई हटाउनु पर्ने जउमनपाले जनाएको छ।

## सडकपेटी र सफाईका लागि 'स्पेशल फोर्स'

जनकपुरधाम उपमहानगरको सडक र पेटीलाई अतिक्रमणमुक्त बनाइ स्वच्छ सफा राख्न 'स्पेशल फोर्स' बनाइएको छ। सडक र पेटी खाली गराउन नियमित रुपमा 'स्पेशल फोर्स'ले अनुगमन गर्ने व्यवस्था गरिएको छ।

'स्पेशल फोर्स'मा जउमनपाका नगर प्रहरी र नेपाल प्रहरीका जवानहरुलाई राखिएको छ। 'स्पेशल फोर्स'को सम्पूर्ण व्यवस्थापन नगरपालिकाले गर्ने छ । 'स्पेशल फोर्स'को कैम्प रेलवे स्टेशन प्रहरी चौकीमा राखिएको छ ।संयुक्त रुपमा नियमित रुपमा नगरको सडक, पेटी र सरसफाईको निगरानी 'स्पेशल फोर्स'ले गर्ने नगरप्रमुख मनोज कुमार साहले बताए।

'नगर सफाइ र व्यवस्थित भएसँगै पर्यटकहरुको संख्यामा भारी बृद्धि भएको छ' उनले भने, धार्मिक र सांस्कृतिक सहर जनकपुरधाममा पर्यटक भित्र्याउन सबैको सहयोग चाहिन्छ।

# सम्पर्कविहीन ३ सय १० सहकारीको खोजविन

प्रदेश सहकारी ऐन २०७९ असोजमा र सहकारी नियमावली २०८० गत फागुन १५ गते देखि जारी भएपछि प्रदेश सरकारले सहकारी संस्थाहरुलाई खोजविन गर्दा ३१० वटा सहकारी सम्पर्कविहीन पाइएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

टुडे समाचारदाता

जनकपुरधाम । लामो समयदेखि सर्म्पकविहीन ३ सय १० सहकारी संस्थाको मधेश प्रदेश सरकारले खोजविन थालेको छ।

प्रदेश सहकारी ऐन २०७९ असोजमा र सहकारी नियमावली २०८० गत फागुन १५ गते देखि जारी भएपछि प्रदेश सरकारले सहकारी संस्थाहरुलाई खोजविन गर्दा ३१० वटा सहकारी सम्पर्कविहीन पाइएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ।



सम्पर्कविहीन हुनेमा सिरहाका १२१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ सहकारी छन् । सर्म्पकविहीन रहेका ती सहकारीलाई ३५ दिनभित्र सम्पर्कमा आउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सूचना जारी गरेको छ। ती सहकारी संस्थाहरु मन्त्रालयको सर्म्पकमा नरहेको, मानिस विवरण नबुझाउने, सहकारीहरुले आफ्नो मासिक विवरण अपलोड गर्ने कोपोमिस प्रणालीमा आवद्ध नभएको र कोपोमिसमा आवद्ध भएकाहरुले पनि प्रतिवेदन पेश नगरेको तथा पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सहकारी रजिष्ट्रार राममणि अधिकारीले जनाए।

सहकारी ऐन २०७४ र सहकारी नियमावली २०८० लागु भएपछि मधेश प्रदेश सरकारलाई ८ सय २२ वटा सहकारी संस्था हस्तान्तरण गरिएको थियो । ती सहकारी संस्थाहरुले प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेका सहकारी महाशाखामा मासिक प्रतिवेदन बुझाउनुपर्ने प्रावधान तोकिएको थियो । तर प्रदेश सरकारले सहकारी सम्बन्धी कानुन बनाउन ढिलाई गरे पछि त्यसको फाइदा उठाउँदै सहकारीहरुले आफू खुसी कार्य गर्दै आएको छ।

यता, प्रदेश सरकारले सहकारी ऐन र सहकारी नियमावली बनाइ सहकारीहरुलाई कडाइ तथा अनुगमन थालेपछि ३१० वटा सहकारी संस्था लामो समयदेखि सर्म्पकविहीन रहेको फेला परेको राजिष्ट्रार अधिकारीले बताए। प्रदेशमा हस्तान्तरण भइ आएका ८२२ वटा सहकारी मध्ये अहिले २१५ वटा सहकारी नियमित रुपमा मासिक प्रतिवेदन बुझाउने गरेको छ । त्यसैगरि, ५० वटा सहकारी मात्रै नियमित रुपमा कोपोमिस प्रणालीमा नियमित विवरण बुझाउने गरेको अनुसन्धानमा भेटिएको छ।

सम्पर्कमा नरहेका सहकारीहरुलाई सम्पर्कमा आउन सूचना प्रकाशित गरिएको छ, उनले भने सम्पर्कमा नआउने सहकारीलाई कारबाही प्रक्रिया आगाडि बढाएको छ। विगतमा कानुनको अभावमा यहाँका सहकारीहरु लथालिंग अवस्थामा थियो। उनले भने, 'तर अब प्रदेश सरकारले ऐन नियमावलीहरु बनाई सहकारीहरुलाई अनुगमन तथा वितीय अनुशासनमा प्रदेश सरकारले चासो दिएको छ।'

# वैदेशिक रोजगारले निम्त्याएको पीडा

टुडे समाचारदाता

बारा। बाराको कलैयामा बस्दै आएकी एक महिला अहिले असहाय बनेकी छन्।

जिल्लाको कलैया उपमहानगरपालिका-११ विश्वम्भरपुरकी २६ वर्षीया रम्भाकुमारी कुशवाहाको प्रसौनी-७ बन्जरियाका ३० वर्षीय सन्दीपप्रसाद कुशवाहासित विवाह भएको थियो। आफ्नै मुलुकमा रोजगारी नपाउँदा डेढ वर्षीया छोरीलाई समेत बेवास्ता गर्दै सन्दीपले कमाउने सहज बाटो वैदेशिक रोजगारलाई रोजे।

त्यसपछि सन्दीप विदेशिए भने रम्भा माइतीमै बस्न थालिन्।

विवाह भएको केही महिनामै सन्दीप वैदेशिक रोजगारीका क्रममा साउदीको रियाद सहर पुगेका थिए। सडक निर्माणका लागि एक्साभेटर चलाउँदै गर्दा २०८० वैशाख २४ मा दुर्घटनामा परेर उनको घटनास्थलमै मृत्यु भएको थियो।

त्यतिबेला उनले कमाएको ४ लाख २६ हजार नेपाली रुपैयाँ जम्मा भएको थियो । श्रीमान्ले कमाएको त्यही रकम पनि रम्भाले अहिलेसम्म पाउन सकेकी छैनन्।

श्रीमान्को वियोगमा रहेकी रम्भाले श्रीमानले कमाएको रकम नपाउँदा अहिले उनी बेसहारा बनेकी छन्। रियादका लागि नेपाली दूतावासले ३५ जना नेपालीले कमाएको रकम नेपालस्थित 'कन्सुलर' विभाग काठमाण्डु त्रिपुरेश्वरमा २३ जुन २०२३ मा पठाएको विवरणमा सन्दीपले कमाएको उक्त रकम पनि उल्लेख छ। तर, घटना भएको एक वर्ष हुन लाग्दा पनि उक्त रकम आफूले नपाएको रम्भाले बताइन्।

'श्रीमान्को विदेशमा मृत्युपछि परिवारले घरमा बस्न नदिएर माइतीमा बसेकी छु, उता श्रीमान्ले कमाएको पैसा पनि पाएकी छैन,' उनले भनिन्, 'सानो बच्चा लिएर बेघर भई माइतीमा गुजारा गर्दैछौं। सरकार वा कम्पनीबाट पाउनुपर्ने क्षतिपूर्ति त परै जाओस्, श्रीमान्ले पसिना बगाएर कमाएको रकम पनि 'कन्सुलर' विभागबाट पाउन सकेको छैन।'



पैसा पाउनका लागि रम्भाले सम्पूर्ण कागजात 'कन्सुलर' विभागमा बुझाइसकेकी छन् । 'तर कन्सुलर विभागले कहिले रकम आइसकेको छ अब दिन्छौं भन्छ त कहिले छलफल हुँदैछ भनेर टारिरहेको छ,' रम्भाले भनिन्, 'अलमल्याएर राखेको छ। दुई पटक काठमाण्डु गएँ। तर, पैसा पाइनँ।'

बहिनीलाई ससुरालीमा उनका जेठाजु, सासू र ससुराले बस्न नदिएको रम्भाका दाजु राजेश कुशवाहाले बताए । 'घटनाको दिन बहिनीसित ज्वाइँको कुरा भएको रहेछ, कमाएको पैसा जम्मा गरेर राखेको छु भनेका थिए रे,' उनले भने, ' बहिनीको जीवन दुर्भाग्यमै बितिरहेको छ । जसोतसो घरमा सानी भान्जी र बहिनीको गुजारा चलाउँदै छु।'

ज्वाइँ बितेपछि बहिनीलाई ससुराली घर जाँदा बस्नै नदिने गरी दुःख दिएको पनि उनले बताए । 'बहिनीको ज्यानै खतरामा परेको देखेपछि माइतीमै ल्याएर राखेका हौं,' उनले भने, 'समाजको सहयोगले गत साउनमा बहिनीको विवाह दर्ता र नागरिकता बनाएका थियौं ।' भाइबुहारीलाई घरमा त्यस्तो कुनै समस्या नभएको रम्भाका जेठाजु प्रदीप कुशवाहाले बताए । 'बुहारी आफैं माइतीमा गएर बसेकी हुन्,' उनले भने, 'आफ्नो राजीखुसीले गएकालाई के भन्ने ?'

# एक वर्षदेखि शिक्षकले तलब पाएन

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको एक पालिकाले दुई जना शिक्षकलाई एक वर्षदेखि तलब भत्ता नदिएको भन्दै तत्काल उपलब्ध गराउन माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल धनुषाले माग गरेको छ।

जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिका मातहतको वैधनाथ देवनारायण जनता नमुना मावि तुलसियाहीमा कार्यरत रहेका इन्द्रकुमार झा र अमरनाथ प्रसाद साहलाई राष्ट्रिय माध्यमिक विद्यालय लक्ष्मीपुरमा काज सरुवा गरिदिए पनि एक वर्षदेखि तलबभत्ता दिइएको छैन।

शिक्षकद्वय झा र साहलाई अन्यत्रको विद्यालयमा काजसरुवा गरिए पनि एक वर्षदेखि तलबभत्ता उपलब्ध नगराएमा आन्दोलन गर्ने चेतावनी पालिकाका अध्यक्ष जयकुमार यादवलाई दिएको छ।

सो पालिकाले शिक्षकद्वय झा र साहलाई आर्थिक वर्ष ०७९/०८० र चालु आर्थिक वर्ष ०८०/०८१ को हालसम्मको समेत तलबभत्ता दिएको छैन।

हिस्टुन धनुषाले पालिकाका अध्यक्ष जयकुमार यादवको लापरवाहीका कारण तलबभत्ता नदिएको अध्यक्ष डा. भोगेन्द्र अधिकारीले आरोप लगाएका छन्।



उनले पालिकाका अध्यक्षका कारण शिक्षकद्वय झा र साहलाई तलबभत्ता खुवाउन आनाकानी गरिरहेको भन्दै तलबभत्ता तत्काल उपलब्ध नगराएमा आन्दोलन गर्ने बताए।

सो गाउँपालिकाका अध्यक्षलाई पत्र लेख्दै हिस्टुन धनुषाका अध्यक्ष अधिकारी र सचिव राजेन्द्र प्रसाद यादवले शिक्षकले तलबभत्ता नपाएको विषय जानकारी गराइए पनि तलबभत्ता उपलब्ध नगराएमा चरणवद्ध आन्दोलन गर्ने जनाए।

सो आन्दोलनबाट उत्पन्न हुने परिस्थितिको जिम्मा सम्बन्धित निकायले लिनुपर्ने सो पत्रमा उल्लेख गरिएको छ।


## आवश्यकता

आउँदो नव वर्ष २०८१ को आगमन संगै जनकपुरधाम -९ धनुषा, मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रमा सेवा संचालन हुन गइरहेको नयाँ अस्पताल जनकपुर जीवनज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. ली. को लागि देहाय बमोजिमका जनशक्ति आवश्यक भएकोले इच्छुक नेपाली नागरिकलाई आफ्नो शैक्षिक योग्यता, नागरिकता, अनुभवको प्रमाण-पत्र,२ प्रति फोटो र बायोडाटा संगै निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Designation | No. | Qualification |
|---|---|---|---|
| 1 | Medical Officer | 3 | MBBS |
| 2 | Staff Nurse | 3 | PCL Nursing |
| 3 | H.A. | 4 | Health Assistant |
| 4 | CMA/ANM | 5 | CMA/ANM |
| 5 | Lab Tech. | 2 | Diploma In Lab |
| 6 | Accountant | 1 | BBS/BBA with Computer Skill |
| 7 | Receptionist | 3 | +2 (I.Com) with Computer skill |
| 8 | OT Assistant | 2 | S.N/H.A. with OT work Exp. |
| 9 | Pharmacy Helper | 2 | +2 pass |
| 10 | Guard | 2 | सामान्य लेखपढ |
| 11 | Sweeper | 5 | सम्बन्धित काममा दक्ष |

- छनौटमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा बोलाईनेछ ।
- सम्बन्धित पदका लागि काउन्सिलको दर्ता प्रमाणपत्र हुनुपर्नेछ ।
- दरखास्त दिने अन्तिम मिति २०८०/१२/२८ गते सम्म ।


जनकपुर जीवनज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. ली.
जनकपुरधाम -९ , बंशी चौक, धनुषा, मधेश प्रदेश
सम्पर्क नं :- ०४१-५९१०९८
ई-मेल :- jeewanjyoti2081@gmail.com


# संसदमा उठ्यो बिटौरी जग्गाको सवाल

टुडे समाचारदाता

राजविराज । वर्षौदेखि राजविराजवासीले भोग्दै आएको बिटौरी जग्गा समस्याको विषय संसदमा पनि प्रवेश गरेको छ।

सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य एवं नेपाली काँग्रेसका केन्द्रीय सदस्य दिनेश कुमार यादवले बुधबार प्रतिनिधिसभा बैठकमा बोल्ने क्रममा बिटौरी जग्गा समस्या लगायत अन्य विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्।



“बुबा बाजेको पालादेखि रहेको आफ्नो जग्गा समस्या पर्दा बिक्री बितरण गर्न र बैंकमा राखेर ऋण समेत लिन नपाउँदा झण्डै ५ हजार परिवार समस्यामा छन्, उनले भने, “बिटौरी रसिद काटेकै भरमा भोग चलन गर्दै आएका उनीहरुलाई अविलम्ब लालपुर्जा उपलब्ध गराउन पहलका लागि सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।”

राजविराज नगरपालिकाले यस अघि बिटौरी जग्गाको कर लिदाँ सोही रसिदको आधारमा जग्गाधनीले समस्या पर्दा बिक्री तथा बैंक र वित्तीय संस्थामा जग्गा धितो राखेर ऋण लिने गरेकामा विगत ८ वर्षदेखि सो रोकिदा ५ हजार भन्दा बढी परिवार प्रभावित भइ कष्टकर जिवन बिताउन बाध्य भएको उनको भनाइ थियो।

उनले सप्तरीको ग्रामीण क्षेत्रमा खानेपानीको समस्या बारे सरकारको ध्यानाकर्षण गराउँदै अहिले अधिकांश ट्यूवेलहरु सुक्न थालेकाले आगामी दिनमा अझै पानीको संकट हुन नदिन समयमै त्यसको समाधान गर्नु पर्ने आवश्यकता औंल्याए।

भारतीय सीमादेखि गाईघाटसम्म जोड्ने गरी थालिएको शम्भुनाथ-बनैनिया-गाईघाट सडक वर्षौदेखि अलपत्र रहेको भन्दै उनले बजेट व्यवस्थापन गरी अविलम्ब काम सुचारु गराउन सरकारको ध्यानाकर्षण गराए।

त्यस्तै प्रतिनिधिसभाको बैठकमा उनले राजविराजस्थित देशकै पुरानो मध्येका एक गजेन्द्र नारायण सिंह अस्पतालमा आवश्यकता अनुसारको चिकित्सक र उपकरण नहुँदा स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराए।

# आगलागीबाट ९ घर खरानी

टुडे समाचारदाता

राजविराज। सप्तरीको छिन्नमस्ता गाउँपालिका- ३ सखडामा भएको आगलागीमा ९ वटा घर जलेर खरानी भएको छ।

८० वर्षीय गंगाराम साहको ५, उनको जेठो छोरा राम कुमारको ९ तथा कान्छो छोरा विन्दुकुमारको २ गरी ९ वटा घर पूर्णरुपले जलेर खरानी भएको छ।

आगलागीबाट १६ लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। नजिकै रहेको बाँसघारीमा लागेको आगो बाबु छोराको लस्करै रहेका घरहरुमा विद्युतिय गतिमा फैलिदा भाडाँकुडा, खाद्यान्न, फर्निचर, मोबाइल, टेलिभिजन, गरगहना र नगदका साथै टिनको छानो भएको ९ वटै घर जलेर नष्ट भएको पीडितहरुले जानकारी दिएका छन्।



बुधबार विहान राम कुमारका धर्मपत्नी कंचनदेवीले फलामे दराजमा राखेको नगद तथा अन्य बहुमूल्य सरसामान सुरक्षित छ की भनी खोज्दै थिइन्, तर दराज फोडेर हेर्दा भित्र राखिएका सबै सामान खरानी भएको अवस्थामा फेला परेको उनले बताइन्।

फलामे दराज भित्रका गरगहना र नगद समेत सबै जलेर नष्ट हुँदा आफूहरु विचल्लीमा परेको उनले सुनाइन्। आगलागीले उनको मात्रै ९ लाख २५ हजार रुपैयाँ बराबरको क्षति भएको छ। स्थानीयवासी, प्रहरी र हनुमान नगरकंकालिनी नगरपालिकाको बारुणयन्त्रको सहयोगले दुई घण्टाको प्रयास पछि आगो नियन्त्रणमा लिन सकेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८